मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्यालय र स्वास्थ्यचौकीलाई ल्यापटप र प्रिन्टर प्रदान

हेटौंडा, १३ माघ/मकवानपुरको बकैया गाउँपालिकाका विद्यालय र स्वास्थ्यचौकीलाई ल्यापटप र फोटोकपीसहितको प्रिन्टर मेशिन प्रदान गरिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को उपकरण सहयोग कार्यक्रमबाट बकैया गाउँपालिका वडा ११ स्थित विद्यालय र स्वास्थ्यचौकीलाई ल्यापटप र फोटोकपीसहतिको प्रिन्टर प्रदान गरिएको हो। गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेलगायतले विद्यालय र स्वास्थ्यचौकीलाई ल्यापटपसहितको उपकरण हस्तान्तरण गरे । बकैया गाउँपालिका-११ गमलटारस्थित प्रगतिशील प्राวि, आहालडाँडास्थित बुद्ध प्रावि, मोरङ्गेस्थित लालकिरण प्रावि, पीपलडाँडा बेंसीस्थित बाघभैरव प्रावि, र बकैया गाउँपालिका-११ सिमातस्थित स्वास्थचौकीलाई एक-एक थान गरी पाँच वटा ल्यापटप प्रदान गरिएको बकैया गाउँपालिका-११ का वडाध्यक्ष गोपाल बहादुर लामाले जानकारी दिए । उनका अनुसार वडाको प्रगतिशील प्राविलाई एक थान फोटोकपीसहितको प्रिन्टर मेसिन हस्तान्तरण गरिएको छ ।

# बागमतीमा निजी सालको रुख सदुपयोगको कार्यविधि अन्तिम चरणमा

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ बागमती प्रदेशको वन तथा वतावरण मन्त्रालयले निजीवनमा रहेका साल प्रजातिको रुख कटानकार्य सुरुवात गर्नका लागि अनुगमन कार्यविधि तयार पारेको छ ।

वन निर्देशनालयले हेटौंडामा आयोजना गरेको २ दिने दोस्रो त्रैमासिक समिक्षा गोष्ठीमा मन्त्रालयका सचिव डा.केदार बरालले निजीवनको साल प्रजातिको रुखकटान, उपभोग, ओसारपसार, विक्रीवितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८१ तयार गरी स्विकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा पठाउने अन्तिम चरणमा पुगेको बताएका हुन् । नेपालको सालको काठ पर्याप्त मात्रामा उत्पादन गर्न सकिने सम्भावना हुँदाहुँदै मलेसियन टिम्बर आयात गरिरहेको अवस्थामा यो कार्यबिधिले उपभोक्तालाई राहत हुने देखिएको छ ।

डा. बरालले भने 'मन्त्रालयले अहिले निजीवनको साल प्रजातिको रुखकटान, उपभोग, ओसारपसार, विक्रीवितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८१ मस्यौदा तयार गरिसकेको अवस्था छ ।' यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्वाट स्वीकृत भएपश्चात लागु हुनेछ । यो कार्यविधिवमोजिम



दर्ता भएका निजीवन धनीले आफ्नो निजीवनमा लगाइएका वा हुर्काइएका सालका रुखहरु स्विकृति लिइ कटान र उपयोग गर्न सक्नेछन् । नेपालका धेरै जिल्लामा निजी वन लगाइएको छ ।

संघीय सरकारको २०८० साल मंसिर ७ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरेको सूचना १ को ५ (ग) मा दर्ता भएका निजीवनमा लगाइएका वा हुर्काइएका साल प्रजातिको रुख कटान, उपभोग ओसारपसार र विक्रीवितरण गर्न पाउने र यसको प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने व्यवस्था गरेकोले प्रदेश सरकारले निजीवनको साल कटान तथा उपयोग कार्यको अनुगमन गर्नका लागि यो कार्यविधि तयार गरेको हो । साल प्रजातिका रुख काट्न नदिएकै कारण उपभोक्ताले कम गुणस्तरको विदेशी काठ डलर खर्चेर उपभोग गर्नु परि रहेको थियो ।

कार्यक्रममा प्रदेशको वन तथा वतावरण मन्त्रालयका मन्त्री कृष्णप्रसाद सिलवालले कार्यविधिले कुनै व्यक्तिले गैरकानूनी ढंगबाट अन्य निजीवन धनीको जग्गामा रहेको रुख चोरी कटानी तथा निकासी गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने उल्लेख गरिएको बताए । यस्तै त्यसको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थामा डिभिजन वन कार्यालय, स्थानीय तह, वन निर्देशनालय र मन्त्रालयले अनुगमन गर्ने बताए । अनुमगमनमा प्रभावकारी कार्यका लागि छलफल भइरहेको बताइएको छ ।

कार्यक्रममा मन्त्रालय मातहतका निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र १५ वटै डिभिजन वन कार्यालयका प्रमुखहरुले अन्तिम रुप दिएको कार्यविधि प्रदेश सरकार, मन्त्रि परिषदवाट स्वीकृत भएपश्चात तुरुन्तै लागु गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । पछिल्लो वर्षहरुमा नेपालको वनमा सुकेर ढलेका सालको काठ गर्मीयाममा डडेलोबाट खरानी बनेर खेर गइरहेको र कमसल खालका वा न्युन गुणस्तरको विदेशी काठ उपभोग गर्न बाध्य भएको भन्दै सामुदायि वन समूहले बहस उठाएका थिए ।

निजी जग्गामा हुर्किएका सालको रुख काट्नको लागि वन दर्ता गरेर व्यक्तिगत र व्यावसायिक प्रयोजनको लागि उपभोग गर्न पाइने गरी कानुनी बाटो एक वर्ष अघिदेखि खुला भएको थियो । दर्ता भएका निजी वनको सालका रुख तोकिएको कानुनी प्रक्रिया पूरा गरेर देशभर बिक्री गर्न पाइने गरी बाटो खुला गरिएको हो । नेपाल सरकाले २२ वर्षअघि लगाएको निजी जग्गाको सालको रुख कटानको प्रतिबन्ध खुला भएको हो ।

विसं २०५८ कात्तिक १६ मा लगाएको प्रतिबन्ध 'निजी वन दर्ता गरेर काट्न पाइने' भनेर विसं २०८० मंसिर ७ मा सरकारले राजपत्रमा सूचना प्रकाशन गरेको थियो । सूचनाअनुसार निजी वनमा लगाइएका सालको रुख कटानको अवरोध हटेको हो । निजी वनको सालको रुख काट्न प्रतिबन्ध लगाएपछि वातावरणीय संतुलनमा समेत समस्या भएको वातावरणविद्हरुले बताएका थिए ।

# हेटौंडामा राष्ट्रिय बुद्धिचाल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/नेपाल बुद्धिचाल महासंघको आयोजनामा २५ औं पुरुष तथा १० औं महिला राष्ट्रिय बुद्धिचाल प्रतियोगिता सुरु भएको छ । हेटौंडास्थित होटल सामनामा सञ्चालन भएको चेस च्याम्पियनसिपमा वर्तमान नेपाल च्याम्पियन झापाका राजन सुवेदीले जित दर्ता गरेका छन् ।

२४ औं राष्ट्रिय बुद्धिचाल विजेता राजनले पहिलोचरणको खेलमा ललितपुरका टाक्टिस मास्टर सरोज महर्जन माथि टेक्निकल खेल प्रदर्शन गर्दै पराजित गरेका छन् । महासंघले केही वर्षदेखि राष्ट्रिय च्याम्पियनसिपको फर्म्याटमा नेशनल सिनियर च्याम्पियनका शीर्ष तीनजना खेलाडी र नेशनल 'बी' वाट शीर्ष ९ जना खेलाडी समावेश गरेर राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्दै आएको छ । जसअनुसार दुबै विधाका समान १२ जना खेलाडीबीच एकअर्कासँग ११ चरणको प्रतिस्पर्धा मार्फत राष्ट्रिय बिजेता घोषणा गर्नेछन् ।

आइतबार सम्पन्न पहिलोचरणको स्पर्धामा नै नेपाल द्वितीय सिएम शुश्रुत दाहाल भने पूर्वनेपाल च्याम्पियन एफएम रुपेश जैसवालसँग हार ब्यहोर्न पुगेका छन् । सिम्पल खेल चलिरहेको थियो, एउटा पाउन डाउन हुँदा खेल रुपेशको पक्षमा गएको थियो । यस्तै नेपाल तेस्रो एफएम क्षितिज भण्डारीले आशा गरिएका युवा खेलाडी पुरुणोत्तम सिलवाललाई लामो च्याली खेलमा निराश पारेका छन् । सुरुमा एउटा पाउन छोडेर खेलेका सिलवालले अन्तिममा समयको दवाब झेल्न पुगेका थिए ।

अर्को खेलमा काठमाडौंका प्रेमकृष्ण महर्जनले सुनसरीका धीरेन राईलाई कठिन खेलमा हराउन सफल भएका छन् । अनुभवी



खेलाडी प्रेमकृष्णले धीरेनविरुद्ध सटिक चाल चाल्दै खेल आफ्नो पक्षमा पार्न सफल भएका छन् । पूर्वनेपाल च्याम्पियन एवम् सिनियर खेलाडी सिएम नवीन तण्डुकारले भक्तपुरका युवा खेलाडी विनय थापालाई सहजरुपमा पराजित गरेका छन् ।

दोलखाका युवा खेलाडी आशिष् फुँयालले एफएम रिजेन्द्र राजभण्डारीविरुद्ध उत्कृष्ट खेल पस्केर पिसअप हुँदै जितको स्वाद चाखेका छन् । यसरी पहिलोचरणको खेलवाट राजन सुवेदी, रुपेश जैसवाल, क्षितिज भण्डारी, प्रेमकृष्ण महर्जन, नवीन तण्डुकार र आशिष् फुँयालले समान महत्वपूर्ण १ अंक जोड्न सफल भएका छन् । यता महिलातर्फको खेलमा उदीयमान खेलाडी ईशा गिरीले पुनम प्रसाईं र एञ्जल महर्जनले शान्ति धिमाललाई पराजित गरेर अप्रत्याशित नतिजा निकाल्न सफल बनेका छन् ।

बाँकेका ईशा गिरीले झापाका पुनम प्रसाईंविरुद्ध विसप सेन्टरलाइज गर्दै महत्वपूर्ण स्क्वायर कभर गरी जित हासिल गर्न सफल बनेकी थिइन् । काठमाडौंका एञ्जेलले भने ओलम्पियाड खेलाडी शान्ति धिमाललाई एक्सिलेण्ट मुभ चाली हराएका छन् । त्यसैगरी वर्तमान नेपाल वुमन च्याम्पियन सिन्दिरा जोशीले निहाना श्रेष्ठमाथि सहज जित प्राप्त गरेका छन् । झापाका कृतिसारा अधिकारीले पनि नयुमा मगरलाई सहज पराजित गरेकी छिन् ।

ताप्लेजुङका सुशीला गुरुङले चितवनका लक्ष्मी कँडेललाई र बिनिता कपालीले दानिशा पुरीलाई हारको उपहार दिएका छन् । यससँगै ईशा गिरी, एञ्जल महर्जन, सिन्दिरा जोशी, कृतिसारा अधिकारी, सुशीला गुरुङ र बिनिता कपालीले एक/एक अंक जोडेर प्रतियोगितामा राम्रो सुरुआत गरेका छन् ।

प्रतियोगिताका संयोजक महासंघका महासचिव धरमबहादुर लामाले प्रतियोगिताको दोस्रोदिन थप दुईचरणको खेल हुने जानकारी गराएका छन् । लामाका अनुसार प्रतियोगिता सञ्चालन गर्न २५ लाख खर्च हुने र खर्च बागमती प्रदेश खेलकुद विकास परिषद्, राष्ट्रिय खेलकुद परिषद्, हेटौंडा उपमहानगर पालिकालगायतका स्थानवाट रकम संकलन गरिने भएको छ ।

# स्मारकमा रक्तदान कार्यक्रम, १४ जना सहभागी




साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/सहिद सप्ताह-२०८१ का अवसरमा आज आइतबार रक्तदान कार्यक्रम आयोजना गरिएको छ । सप्ताहव्यापी कार्यक्रमअन्तरगत हेटौंडा-११, स्थित सहिद स्मारक परिषरमा आयोजित रक्तदान कार्यक्रममा १४ जनाले र क्तदान गर्नुभएको छ ।

स्मारक विकास समितिको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी हेटौंडा-११ शाखाको व्यवस्थापन तथा रक्त सञ्चारकेन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान भएको हो । स्मारक विकास समितिले हरेक वर्ष माघ १० गतेदेखि १६ गतेसम्म सहिदको सम्झनामा विविध कार्यक्रमको आयोजना गरेर दिवश मनाइरहेको छ ।

जसअनुसार, पहिलोदिन माघ १० गते राष्ट्रिय झण्डा झण्डोत्तोलन गरी सप्ताहव्यापी कार्यक्रमको शुभारम्भ गरिएको थियो । भने दोस्रोदिन पत्रकार भेटघाट तथा बधाई कार्यक्रम र तेस्रो दिन स्मारक परिषरमा विशेष सरसफाई कार्यक्रम गरेको समितिका सचिव रघुनाथ खुलालले जानकारी दिए ।

सचिव खुलालका अनुसार सप्ताहव्यापी कार्यक्रम अन्तर्गत चौथो दिन भोली माघ १४ गते बिहान साढे ७ गते लखन वाटीका व्यवस्थापन समितिको व्यवस्थापनमा हेटौंडा-१२ स्थित प्रथम सहिद लखन थापा वाटीकामा श्रद्धान्जली कार्यक्रम, माघ १५ गते मदन भण्डारी फाउण्डेशनको व्यवस्थापनमा नगरस्तरीय बाल क्लबहरुको सहभागीमा 'लोकतन्त्र प्राप्तिका लागि राजनीतिक दलको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिता र शिक्षक संगठनको व्यवस्थापनमा शिक्षक दौड प्रतियोगिता र महिला शिक्षकको स्लो स्कुटर प्रतियोगिता आयोजना हुनेछ ।

सप्ताहव्यापी कार्यक्रमाको अन्तिम दिन माघ १६ गते बिहान साढे ७ बजे बागमती प्रदेश सरकारको समन्वयमा प्रभातफेरी, सहिदप्रति सलामी, पुष्पार्पण, श्रद्धान्जलीसभा र सम्मान कार्यक्रमको आयोजना गरी सप्ताहव्यापी कार्यक्रमको समापन गरिने सचिव खुलालले बताए ।

# अञ्जनको उत्कृष्ट २ गोलमा सेमिफाइनल पुग्यो एनआरटी

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ नेपाली कांग्रेस लोकतान्त्रिक खेलकुद संघ महाधिवेशन निर्देशन समितिको आयोजनामा भएको सभापति कप फुटबलमा न्यूरोड टिम एनआरटी सेमिफाइनलमा प्रवेश गरेको छ ।

हेटौंडेली फुटबल स्टार एनआरटीका कप्तानसमेत रहेका अञ्जन विष्टको उत्कृष्ट २ गोलको मद्दतले एनआरटी सभापति सेमिफाइनलमा स्थान पक्का गर्न सफल भएको हो । दशरथ रंगशालामा आइतबार सम्पन्न चौथो क्वाटरफाइनलमा एनआरटीले फ्रेन्ड्स क्लबलाई ३-१ ले पराजित गर्‍यो । एनआरटीका लागि कप्तान अन्जनले २ गोल र रिचार्ड विल्सनले १ गोल गरे । फ्रेन्ड्सका लागि विवेक पौडेलले सान्त्वना गोल फर्काए ।

पहिलो हाफमा कप्तान अन्जनले २ गोल गरेपछि एनआरटी बलियो स्थितिमा पुगेको थियो। खेलको २३ औं मिनेटमा एन्जल महर्जनको पासलाई अन्जनले पेनाल्टी क्षेत्रभित्रबाट फिनिश गर्दै टिमलाई अग्रता दिलाए । त्यसको पाँच मिनेटपछि अन्जनले




व्यक्तिगत दोस्रो गोल गरे । कृतिशरत्न छुन्जुको क्रसलाई अन्जनले फार पोस्टमा हेडरमार्फत् गोलमा परिणत गरे । दोसो हाफको सुरुवातमै रिचार्ड विल्सनले एनआरटीलाई ३-० को अवस्थामा पुर्‍याए । उनले पेनाल्टी क्षेत्रभित्रबाट फार पोस्टमा सुन्दर फिनिश गरे ।

६५ औं मिनेटमा रिचार्डको क्रसमा हेनरी पोकुले गरेको हेडरलाई फ्रेन्ड्सका गोलरक्षक अभिषेक बरालले उत्कृष्ट बचाउ गरे । त्यसपछि अभिषेकले एन्जल र रिचार्डका लगातार प्रहारलाई पनि विफल बनाए । ८१ औं मिनेटमा फ्रेन्ड्सका कप्तान विवेक पौडेलले गोल गर्दै टिमलाई खेलमा फर्काउने संकेत देखाए । उनले पेनाल्टी क्षेत्रभित्र दुई डिफेन्डरलाई छलाउँदै बायाँ खुट्टाले सुन्दर फिनिश गरे ।

प्रतियोगिताअन्तर्गत सोमबार पहिलो सेमिफाइनलमा संकटा क्लब र मच्छिन्द्र फुटबल क्लबबीच साँझ ५:३० बजे खेल हुनेछ । दोस्रो सेमिफाइनल मंगलबार आयोजक बागमती लोकतान्त्रिक र एनआरटीबीच हुनेछ । फाइनल खेल बिहीबार हुनेछ ।

# कैलाशका विद्यार्थीलाई स्वीटर

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/लायन्स क्लब अफ हेटौंडा स्मारकले मकवानपुरको बिकट कैलाश गाउँपालिका-७ को सामुदायिक विद्यालयका विद्यार्थीलाई स्वीटर वितरण गरेको छ ।

संस्थाको वार्षिक कार्यक्रम अनुसार आइतबार कैलाश-७ स्थित श्री कोथलिटार आधारभूत विद्यालयका १३४ जना विद्यार्थीलाई विद्यालय पोशाक स्वीटर हस्तान्तरण गरेको हो । क्लबले विपन्न समुदाय चेपाङ बालबालिका अध्ययन गर्ने विद्यालयमा जाडो समयमा विद्यार्थीलाई चिसोबाट बच्न राहत पुगोस् र विद्यालयमा नियमित उपस्थिति होस् भन्ने उद्देश्यले स्वीटर वितरण गरिएको क्लबका अध्यक्ष अन्जन प्रसाद पौडेलले जानकारी दिए ।

लायन्स क्लबका सदस्य कमल अधिकारीको संयोजकत्वमा कार्यक्रमका प्रमुखअतिथि डिस्ट्रीक को-चिफ एडभाइजर प्रल्हाद मिश्र, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, र अभिभावकको रोहवरमा विद्यार्थीलाइ स्वीटर वितरण गरिएको हो ।

कार्यक्रममा प्रमुखअतिथि मिश्रले लायन्स क्लबले सामाजिक सहयोगमा गरेको कामको उच्चप्रशंसा गर्दै यस्तो कार्यलाई निरन्तरता दिन आग्रह गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# औद्योगिक क्षेत्र तुहाउने खेल

हेटौंडामा दोस्रो औद्योगिक क्षेत्र सञ्चालनको सम्भावना टर्दै गएको छ । औद्योगिक नगरीको परिचय बनाएको हेटौंडामा मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय ९ वर्षअघि नै भएको हो । सरकारले ९ वर्षअघि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय गरेपनि त्यो जग्गामा तारबार लगाउने बाहेक केही भएको छैन । केपी ओलीको अध्यक्षतामा रहेको मन्त्रिपरिषद्ले १ चैत २०७२ मा स्थापना गरेको मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन तथा वातावरण मन्त्रालयमै अड्किएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा जग्गा आउँदा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र परेपछि मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढ्न सकेन । १६ चैत २०७८ मा निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले ईआइए प्रतिवेदनमा उल्लेख भएको 'मिटिगेशन मेजर'लाई कारण देखाएर यहाँ औद्योगिक क्षेत्र स्थापना गर्न उपयुक्त नहुने भन्दै वन मन्त्रालयमा राय पेश गरेको उल्लेख छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले मयुरधापमा औद्योगिक क्षेत्र स्थापना उपयुक्त नरहेको राय विगतमै पेश गरेको छ ।

वन तथा वातावरण मन्त्रालयकै कारण मयुरधाप औद्योगिक क्षेत्र तुहाउन खोजिएको आरोप लागेको छ । मकवानपुरका प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले वन मन्त्रालयका सचिवले मयुरधाप औद्योगिक क्षेत्र तुहाउन खोजेको आरोप लगाएका छन् । शनिवार पत्रकारसँग अन्तरक्रिया गर्दै बर्तौलाले सरकारको निर्णय र प्रतिनिधिसभाले अनुमोदन गरेको योजनाको विषयमा सचिवले प्रश्न उठाउन मिल्छ ? भन्दै प्रश्न गरे । मयुधारपको औद्योगिक क्षेत्रलाई वन र निकुञ्जको कारण देखाएर सचिवले रोक्न खोजेको उनले बताए । पाटन र बालाजु औद्योगिक क्षेत्रको उद्योग यहाँ सार्न सकिने बताइएको छ । औद्योगिक क्षेत्रका पुन: सम्भाव्यता अध्ययन गर्नुपर्ने भन्दै गत पुस ९ मा सचिवस्तरको निर्णयसहित सार्वजनिक सूचना जारी भएको छ । निकुञ्ज, निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको रायसुझावमा औद्योगिक क्षेत्रको वातावरणी प्रभाव मूल्यांकन वन तथा वातावरण मन्त्रालयमै थन्किएको हो । १२ माघ २०७७ मा वातावरणीय प्रभाव मूल्यांकनका लागि क्षेत्र निर्धारण र कार्यसूचि वन मन्त्रालयले स्वीकृत गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखमा देखिएको छ । कार्यालयले २८ असार २०७८ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ईआइए पेश गरेको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको व्यवस्थापन कार्यालय हेटौंडाले जानकारी दिएको छ । वन तथा वातावरण मन्त्रालयले पछिल्लो पटक १३ वैशाख २०७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय, सुझाव अनुसार ईआइए प्रतिवेदन पेशगर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पत्राचार गरेको थियो । ५ वर्षदेखि ईआईए प्रतिवेदन मन्त्रालय तथा विभागबीच नै घुमिरहेको छ ।

हेटौंडा उपमहानगरपालिका-१४, मयुरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटिडेले संरक्षणका लागि तारबार लगाएको जग्गा नै ५ वर्षदेखि लिमिटेडको नाममा छैन । ५ वर्षअघि नै जग्गा लिमिटेडको नामबाट बदर गर्ने निर्णय गरी त्यसको एक वर्षपछि वनक्षेत्र कायम गरिएको पाइएको छ । १४ असार २०७३ मै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाणपुर्जा र कित्ताकाट श्रेस्ताअनुसार १९९ विगाहा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम भएको थियो । सोही जग्गा लिमिटेडको नाममा हक हस्तान्तरण भइसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २१ जेठ २०७५ मा जग्गाधनी प्रमाणपुर्जा खारेज गरेर भोगाधिकार मात्र कायम गर्न राय दिएको हो । ९ माघ २०७७ मा लिमिटेडको नाममा रहेको जग्गादर्ता बदर गरी नेपाल सरकार वनक्षेत्र कायम गरिएको व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखबाट खुलेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १५ गते मंगलबार २८ जनवरी २०२५ । चर्तुर्दशी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:४० । नेपाल नर्सिङ दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आनन्दको महसुस हुनेछ | तुला | : प्रेममा विवाद आउनसक्नेछ |
| वृष | : मन चञ्चल हुनेछ | वृश्चिक | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| मिथुन | : मान-सम्मान बढ्नेछ | धनु | : हाँसखेलमा दिन जानेछ |
| कर्कट | : धन लाभ हुनेछ | मकर | : मनमा धेरै कुरा खेल्ने छन् |
| सिंह | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | कुम्भ | : रमाइलो यात्राको योग परेको छ |
| कन्या | : नबोली बस्दा राम्रो हुनेछ | मीन | : मन प्रसन्न रहनेछ |

# उमेरमै अल्भ्केको सरकार



✍ युवराज खड्का

अहिले नेपालमा युवाहरूको सवाल व्यापक रूपमा सडकका गल्लीदेखि सदनका रोष्ट्रमसम्म जोडतोडले उठिरहेको पाइन्छ । विशेषगरी त्यस ठाउँमा युवा बेरोजगार, उद्यमशीलता, गुणस्तरीय शिक्षा, स्वास्थ्य, क्षमता विकास, युवामैत्री शासन र लगानीका सवालहरूले राम्रै स्थान पाइरहेका छन् । राष्ट्रिय युवा नीति २०७२ अनुसार १६-४० वर्ष उमेर समूहका मानिसहरूलाई युवा मानिएको छ । पछिल्लो राष्ट्रिय जनगणना अनुसार त्यस्तो उमेर समूह कुल जनसंख्याको ४२.५६ प्रतिशत रहेको छ भने संख्याको हिसाबले १ करोड २४ लाख १२ हजार १७३ रहेको छ । करिब ३ करोड जनसंख्या भएको नेपालमा झन्डै आधा जनसंख्या हुनु राष्ट्रका लागि सकारात्मक कुरा हो । युवालाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनका अग्रदूत तथा परिवर्तनका संवाहक शक्तिका रूपमा लिइन्छ । जसमा साहस, सिर्जनशीलता, सिकाइप्रतिको तीव्र इच्छाशक्ति र क्षमता तथा उच्च आत्मविश्वास रहेको हुन्छ, यसलाई राष्ट्र निर्माणको प्रमुख शक्तिका रूपमा समेत लिइन्छ । तर त्यही जनसंख्या आज देशमा क्षमता र योग्यता अनुसारको रोजगार र चाहे जस्तो शिक्षा नपाउँदा अवसर र रोजगारीका लागि विदेशिन बाध्य भएका छन् ।

### युवा सम्बन्धी कानूनी प्रावधान र संरचना

औपचारिक रूपमा सरकारी तवर बाट युवा मामिला सम्बोधनका लागि २०५२ सालमा पहिलो पटक युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको स्थापना भई २०५२ सालमा युवा शक्ति परिचालन तथा समन्वय र निर्देशनका लागि उपयुक्त कार्यक्रम तयार गर्न गठित उच्चस्तरीय कार्यदलले प्रतिवेदन दिए तापनि २०६६ मा युवा तथा खेलकुद मन्त्रालयबाट गठित युवा कार्यदलले १६ देखि २९ वर्ष उमेर समूहलाई युवाको रूपमा परिभाषित गऱ्यो । वि.सं. २०६५ मा सरकारले युवा तथा खेलकुद मन्त्रालय स्थापना गऱ्यो । युवा मन्त्रालय गठन भएपछि गठित कार्यदलले निर्माण गरेको राष्ट्रिय युवा नीतिको मस्यौदा वि.सं. २०६६ माघ १४ गतेको मन्त्रिपरिषद् बैठकले पारित गऱ्यो ।

त्यसपछि सो नीतिमा आवश्यक पुनरावलोकन गर्दै सरकारले राष्ट्रिय युवा नीति २०७२, राष्ट्रिय युवा परिषद् ऐन २०७२ तथा नियमावली २०७३ जारी गरी राष्ट्रिय युवा परिषद्को स्थापना भयो । यस्तै नीति र ऐनमा समेटिएका विषयहरूको कार्यान्वयनका लागि सरकारले सन् २०१५ मा युथ भिजन-२०२५ र दशवर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयन गरिरहेको छ ।

त्यसैगरी युवाहरूका स्वरोजगारमूलक व्यावसायिक परियोजना सञ्चालन गर्न भन्दै 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली २०६५ (हाल २०७७) अन्तर्गत २०६५ सालमा कोषको स्थापना गरेको थियो । यसैगरी सरकारले युवामैत्री शासन सञ्चालनका लागि युवा मैत्री स्थानीय तह दिग्दर्शन, २०८० जारी गरी कार्यान्वयनको प्रयास गरिरहेको छ । यसरी नेपालमा युवा मामिला विकासका लागि भन्दै सरकारी तवरबाट दशकौं अघि औपचारिक रूपमा नीति, कार्यक्रम तथा बजेट विनियोजन हुँदै आए पनि अपेक्षित रूपमा उपलब्धि हासिल हुनसकेको छैन । विशेषगरी युवा तथा खेलकुद मन्त्रालय मातहत रहने गरी सरकारले युवा विकासका लागि विभिन्न क्षेत्रमा काम गर्ने भनी मूल रूपमा राष्ट्रिय युवा परिषद् र युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना गरी काम गरिरहेको छ ।

### वर्तमान अवस्था र समस्या

सरकारी तथ्यांकलाई आधार मान्ने हो भने रोजगारी, उच्च शिक्षा, बसाइसराइ, भ्रमण लगायत नाममा वर्षेनि विदेशिने नेपालीको संख्या लाखौं रहेको छ । यसमध्ये अधिकांश रोजगारीका लागि बाहिरिने गरेका छन् । विदेशमा रहेका नेपालीको संख्या वास्तविक कति छ भन्ने विषयमा सरकारसँग यकिन तथ्यांक भने भेटिँदैन । तर पनि अनुमानित ७० लाखको हाराहारीमा नेपालीहरू विश्वका विभिन्न मुलुकमा रहेको बताइन्छ । सन् २०२४ को वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार त्यस वर्ष मात्रै ८ लाख ५६ हजार ४२२ जना नेपाली रोजगारीका लागि विदेशिएका छन् । जसमध्ये ७ लाख ६९ हजार ८९० जना पुरुष छन् भने ९६ हजार १९७ जना महिला रहेको पाइएको छ । नेपालीहरू यतिमै मात्रै नभई विभिन्न विषयमा विदेशिने गरेका छन् । हालसालै सार्वजनिक सरकारी तथ्यांक अनुसार भ्रमणका लागि करिब २ लाख ५ हजार विदेश गएका छन् भने उच्च शिक्षा अध्ययनका लागि १ लाख १९ हजार ४०९, डिपेन्डेन्ट भिसामा ३४ हजार र स्थायी बसोबासका लागि ६६ हजार ८३५ जना विदेशिएका छन् ।

यसमध्ये वैदेशिक रोजगारी, उच्च शिक्षा, डिपेन्डेन्ट भिसामा बाहिरिने बहुसंख्या युवाहरूको रहेको छ । यसरी वर्षेनि लाखौं युवा अवसर र रोजगारीको नाममा विदेशिनु राष्ट्रका लागि चिन्ताको विषय हो । नेपालमा पर्याप्त रोजगारीको अभाव, कृषि र औद्योगिक उत्पादनको बजारीकरण र न्यूनतम समर्थन मूल्यको अभाव, युवामैत्री लगानी र शासनको अभाव तथा सेवाप्रदायक सरकारी तथा सार्वजनिक निकायले इमानदारीपूर्वक नीति, कानूनको कार्यान्वयनमा तदारुकता नदेखाउँदा समस्या सधैं उस्तै रहिरहेको छ । नेपालमा प्रत्येक वर्ष करिब ५-६ लाख श्रम जनशक्ति बजारमा आउँछ, उनीहरूको रोजगारीको पाटो भने अन्योल र हन्छ । सीमित मात्रामा अनौपचारिक रूपमा निजी क्षेत्र र सरकारी गरी न्यून रोजगारीका अवसर प्राप्त हुने गर्छन् भने अन्य सबै विदेशिने गरेका छन् ।

### राष्ट्रिय युवा परिषद

नेपाल सरकारले यिनै समस्यालाई समाधान गर्न, युवाहरूको सशक्तिकरण, गुणस्तरीय शिक्षा, रोजगार, गुणस्तरीय सीप विकास, अध्ययन, अनुसन्धान, उद्यमशीलता, स्टार्टअप उद्यम कर्जा प्रवाह, युवामैत्री शासन र लगानी वृद्धि गर्न, सूचनाप्रविधिका सहज र सरल पहुँच स्थापित गर्न तथा सीपयुक्त दक्ष युवा जनशक्ति तयार पार्न भन्दै दशक अघि सरकारले विशेषगरी राष्ट्रिय युवा नीति २०७२ लाई आधार मान्दै युवा मामिला विकासमा लागि एकीकृत रूपमा विशिष्टीकृत निकायको महसुस गरी सो मार्फत सरकारका नीति, कार्यक्रम र बनेटको कार्यान्वयनका लागि संरचना निर्माणका लागि राष्ट्रिय युवा परिषद् ऐन २०७२ जारी गरी परिषद्को स्थापना गऱ्यो र सन् २०१५ मा यसै मार्फत कार्यान्वयन गर्ने गरी युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजना जारी गरी कार्यान्वयन गऱ्यो ।

यसले मूलत: युवा विकासका लागि पाँच वटा आधार स्तम्भहरूमा आधारित रहेर काम गऱ्यो । जसमध्ये गुणस्तरीय शिक्षा, रोजगारी, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षा, परिचालन, सहभागिता र नेतृत्व विकास तथा खेलकुद र मनोरञ्जनमा काम गर्ने भनी गठन भएको निकायले सामान्य खालका वर्षेनि १ देखि २ हजारलाई वित्तीय साक्षरता सम्बन्धी तालिम, नमूना युवा संसद्, स्वयंसेवक विकासमा तीन-चार सयलाई तालिम र सामान्य खाले अन्य गतिविधि गर्ने बाहेक थप प्रगति देखिँदैन । हालै युवा तथा खेलकुद मन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादन विवरणमा युवाहरूका लागि आ.व. २०८१-०८२ को वार्षिक नीति, कार्यक्रम तथा विनियोजित बजेटको कार्यान्वयनमा बजेट वक्तव्यको बुँदा नं. २६८ मा उल्लिखित युवाको क्षमता विकास, उद्यमशीलता वृद्धि तथा स्वरोजगारका लागि वित्तीय स्रोतसाधनमा पहुँच सुनिश्चितता विषयमा जम्मा १ करोड १७ लाख बजेट विनियोजन गरेकोमा हालसम्म जम्मा २८.५२ लाख खर्च गरी जम्माजम्मी ३०० जनालाई विभिन्न तालिम दिइएको भन्ने प्रगति विवरणले पनि यसको कार्यप्रणालीलाई स्पष्ट पारेको छ ।

यसैगरी युवा परिषद्को अलि प्रभावकारी मानिएको नेतृत्व विकाससँग सम्बन्धित नमूना युवा संसद् अभ्यास कार्यक्रम २०८१-०८२ बाट कार्यान्वयन छैन भने उद्यमशीलताका लागि भन्दै सञ्चालन गरेको विद्यालयमा उद्यमशीलताका लागि हस्तान्तरण गर्दै आएको कार्यक्रम पनि वर्षौंदेखि सञ्चालनमा छैन । यसरी निकै महत्वका साथ गठन भएको युवा परिषद्को हालको दयनीय अवस्थाले यसको आवश्यकता, औचित्य र प्रभावकारितामा गम्भीर प्रश्न उठाएको छ । निकै ठूलो अपेक्षाका साथ खोलिएको यो संस्थाले गति लिन नसक्नु समग्र युवाहरूका लागि र राज्यका लागि चिन्ताको विषय हो ।

एकदमै न्यून स्रोतको व्यवस्था, कर्मचारीहरूको व्यस्तता, पदाधिकारीहरूको अनिच्छा र सरोकारवालाको बेवास्ताका कारण राज्यका यस्ता संस्था र संरचना आज शिथिल रहेका छन् । परिषद्मा सबैभन्दा ठूलो समस्या पदाधिकारी तथा कर्मचारीले युवा मामिला विकासका लागि सरकारलाई उपयुक्त कार्यक्रमको निर्माण गरी कार्यान्वयनमा प्रभावकारी समन्वयकारी भूमिका खेल्न नसक्नु, मौजुदा स्रोत र साधनलाई अधिकतम लाभ केन्द्रित हुने गरी परिचालन गर्न नसक्नु र पदीय दायित्वलाई पूरा गर्न इमानदार प्रयास नगर्नु रहेको छ भने सरकारले नै यसलाई गम्भीर रूपमा नलिएर प्राथमिकतामा राख्न नसक्नु ठूलो समस्याको रूपमा रहेको छ ।

### युवा तथा साना व्यवसायी स्वरोजगार कोष

युवाहरूको उद्यमशीलताको सोच र परियोजनालाई साकार पार्न वित्तीय रूपमा सहयोग गरी त्यस मार्फत देशमा रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली २०६५ (हाल २०७७) अन्तर्गत २०६५ सालमा कोषको स्थापना गरी काम अगाडि बढाए पनि काम भने औपचारिकता निभाउने र संस्थालाई आफू अनुकूल प्रयोग गर्ने प्रवृत्ति बढ्दा यसले पनि गति लिन सकेन । रोजगार र अवसरको खोजीमा भौंतारिरहेका युवाहरूको उद्यम परियोजनालाई सघाउने गरी स्थापना भएको यसले हालसम्म १२ अर्बभन्दा बढी रकम हजार बढी सहकारी संस्था तथा २६ वटा बैंक एवम् वित्तीय संस्था मार्फत लगानी गरेकोमा त्यसको नियमित अनुगमन, सुपरीवेक्षण तथा कारबाही जस्ता पक्षहरू कमजोर रहँदा अपेक्षित परिणाम दिन सकेन र वास्तविक युवाहरूले यसबाट लाभ पाउन सकेनन् । तत्कालीन समयमा जुन सरकार वा राजनीतिक दल निकटका पदाधिकारी हुन्छन् उनीहरूकै हालीमुहाली हुने हुँदा यसले व्यवसाय प्रवर्धनमा खासै टेवा पुऱ्याउन सकेन ।

पछिल्लो समय यो संस्था ठूलो अनियमिततामा डुबेको सरकारकै अध्ययन प्रतिवेदनले देखाएको छ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषको व्यवस्थापन सञ्चालन तथा कर्जा परिचालनको प्रभावकारिता अध्ययन गर्न गठित कार्यदलले कोषले सञ्चालन गरेको युवा स्वरोजगार कार्यक्रममा ठूलो रकम अपचलन भएको निष्कर्ष सहित आफ्नो अध्ययन प्रतिवेदन सरकारलाई बुझाएको थियो । मन्त्रीस्तरीय निर्णयका आधारमा गठित उक्त कार्यदलले गरेको अध्ययनमा कोषकै पदाधिकारी र कर्मचारीको गलत मनसाय प्रेरित कर्जा प्रवाह हुँदा देशभर विभिन्न सहकारी र बैंक मार्फत लगानी भएको कोषको १ अर्ब ३१ करोड ३३ लाख ४२ हजार ७८९ रुपैयाँ उठ्न नसक्ने गरी डुबेको प्रतिवेदनमा औंल्याइएको छ ।

### समाधानका उपाय

सरकारले युवा मामिला विकासका लागि जति टुक्रा-टुक्रा कार्यक्रम र कार्यनीति अवलम्बन गर्छ त्यति नै मात्रामा लक्ष्य प्राप्तिमा कठिनाइ उत्पन्न हुन जान्छ । विद्यमान कानूनी तथा संरचनागत प्रावधानलाई चलायमान बनाई नीतिमा व्यवस्था गरेबमोजिम युवा विकासका लागि प्रगतिशील कामहरू अगाडि बढाउन दायित्व बहन गरेका पदाधिकारी तथा कर्मचारीलाई आवश्यक कार्यसम्पादन सम्झौता गरी त्यसबाट प्राप्त लाभ वा सुधारको आधारमा उनीहरूको वृद्धि विकासलाई सहयोग गर्ने गरी व्यवस्था गर्ने प्रावधानको जरूरी छ । त्यसैगरी संरचना र स्रोतलाई वास्तवमै सही रूपमा लक्ष्य प्राप्तिका लागि चलायमान बनाउन आवश्यक सक्रिय जनशक्तिको पनि व्यवस्था गर्न जरूरी रहेको छ ।

यसका अतिरिक्त तत्कालीन कार्यक्रमलाई यथाशक्य खारेज गरी परिणाममुखी कार्यक्रमहरू सरकारले अघि सार्नुको विकल्प छैन । युवा परिषद् र स्वरोजगार कोषमा तत्कालीन अवस्थामा भइरहेका गतिविधिले भविष्यको लागि सहज संकेत गर्दैनन् तसर्थ तिनीहरूको नीतिगत र संरचनागत पुन:संरचना गरी प्रभावकारिता बनाउन जरूरी देखिन्छ । सरकारले लामो समयदेखि नयाँ युवा नीति निर्माण र जारी गर्ने सन्दर्भमा गृहकार्य गरे पनि ती सबै औपचारिकतामा मात्रै सीमित भएका छन् । युवा नीतिको छलफलका हरेक सत्रहरूमा सरकारले मूल रूपमा युवाको उमेर कति राख्ने भनेर मात्रै प्रधानता पाउनुले राज्यसंयन्त्रको चासो र नियतप्रति शंका पैदा गर्दछ । तसर्थ तत्कालै यी सबै समस्याको समाधान गर्नका लागि सरकारले सम्बन्धित संस्थाको प्रशासनिक र नीतिगत सुधार गरी कार्य प्रारम्भ गर्न जरूरी छ ।

### निष्कर्ष

सामान्य रूपमा सरकारले युवा मामिला विकासका लागि केही गर्ने प्रयास स्वरुप नीतिगत र संरचनागत व्यवस्था गरे पनि त्यसभित्रको आवश्यक स्रोतको उपलब्धता र कार्यप्रणालीगत विषय सुधार गर्न नसक्दा लक्ष्य प्राप्तिमा ती सबै निकाय निष्प्रभावी देखिएका छन् । अर्कोतर्फ सरकार, नीति निर्माता तथा कार्यान्वयन गर्ने पक्षको ठूलो लापरवाही र अकर्मण्यता कहाँ छ भने २०६६ सालमा सरकारले युवा नीतिमा नेपाली युवाहरूको गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा, रोजगार, उद्यमशीलता जस्ता समस्याहरूको उठान गरेको थियो र यसका लागि आवश्यक कार्यक्रम बनाएर कार्यान्वयन गर्न नीतिले सुझाएको थियो ।

त्यसको वर्षौंपछि २०७२ सालमा फेरि पहिलेको युवा नीतिलाई प्रतिस्थापन गर्दै नयाँ युवा नीति जारी गऱ्यो र त्यसमा पनि मूल रूपमा युवाका समस्या तिनै दर्शाइयो र ती समस्या समाधान गर्न भन्दै सरकारले सन् २०१५ मा युथ भिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजना, युवा स्वरोजगार कोषको स्थापना र परिचालन गर्दा समेत हाल कार्यक्रम कार्यान्वयनको अन्तिम बिन्दुसम्म पनि सरकारले पुन: नयाँ युवा नीति जारी गर्ने प्रयास गरिरहँदा फेरि त्यही समस्या समेट्नुले सरोकारवाला पक्षहरूको ठूलो लापरवाही देखिन्छ । यसरी बारम्बार त्यही समस्या दशकौंसम्म किन समाधान हुनसकेन, सरकारले कार्यान्वयन गरिरहेका कार्यक्रमहरूको प्राप्त उपलब्धि के हो, कहाँ कमजोरी भयो, कसले गऱ्यो, अब के गर्ने भन्ने जस्ता सामान्य विषयको समेत बेवास्ता गरी सरकारले नयाँ युवा नीतिको छलफलमा समेत छलफलको प्रमुख एजेण्डा उमेर बनाउन उमेरमै अल्भ्किएको देखिन्छ । तसर्थ यी सबै विषयहरूलाई ध्यानमा राखेर सरकारले भएका कमजोरी र भावी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिको बारेमा प्रष्ट हुने र सरोकारवालाहरूले पनि आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गरेमा यही देशमा ऊर्जाशील लाखौं युवाले श्रमको पसिनाले देशलाई सिञ्चित गरेर आफ्नो र देशको सुन्दर भविष्यको निर्माण गर्न सक्छन् ।

*(साभार: अनलाइनखबर)*

# सामाजिक परिवेश र विवाह

✍ शारदाभक्त श्रेष्ठ

लोकेश मध्यम वित्तीय पारिवारिक पृष्ठभूमि भएका व्यक्ति हुन् । करिब चार वर्षअघिसम्म उनी आफूलाई ज्यादै भाग्यमानी व्यक्ति ठान्थे । कारण उनको थाप्लोमा परिवारको बोझ परेको थिएन । बाबुआमाको छत्रछायामा कुनै झैझमेलामा नअल्झिएको उनको जीवन थियो । एक-एक वर्षको अन्तरालमा भएको उनको बाबुआमाको निधनले गर्दा उनलाई ठूलो संकट आइपऱ्यो । संकट भन्नाले आर्थिक संकट होइन । बाबुले किनिराखेका खेतीजन्य जग्गा भएकोले चामल किन्नुपरेको थिएन । उनले पनि केही समय कामकाज गरी अवकाश लिँदा एकमुष्ट र कम हात पारेका थिए । घरायसी कामकाज एवं अन्य जिम्मेवारीको बोझ उनको थाप्लोमा पऱ्यो । पहिलेझैं जता मन लाग्यो जाने काम रोकियो । एकमात्र छोरी र छोराको भविष्य निर्माण गर्ने चिन्ता थपियो । हुन त यो काम हरेक बाबुआमालाई स्वत: आउने कुरा हो । बाबुआमा बाँचुन्जेल उनले त्यस विषयमा विशेष चिन्ता लिएका थिएनन् ।

हजुरआमा र हजुरबुबाको निधनले गर्दा लोकेशकी छोरी लोलितालाई नि नराम्रो प्रभाव पऱ्यो । आफूलाई भनेजस्तो पुऱ्याइराखेका हजुरआमा र हजुरबुबाको निधन हुँदा उनलाई आघात पर्नु स्वाभाविकै हो । हजुरआमा र हजुरबुबाको निधन हुँदा उनको कक्षा १२ को अन्तिम परीक्षा सकिसकेको हुँदा उनी सोको नतिजाको प्रतीक्षारत थिइन् । निश्चित समयमा उद्घोषित परीक्षाफलमा उत्तीर्ण भएबाट परिवारमा खुशीयाली नै छायो । तर कुन्नि के भएर हो, उनको स्वास्थ्य गिर्दै गयो ।

बराबर अस्वस्थ भइरहने भएकीले उपचारार्थ डाक्टरहरू देखाउन पर्ने समस्या आइलाग्यो । नियमित औषधिको सेवनले निको भए तापनि उनमा पहिलेजस्तो छिटोछरितोपना तथा चञ्चलता देखा परेन । उनको पठनपाठनमा ध्यान गएन । घरैमा बसिरहने, दिनभर सुत्ने, आमाले अराएको सानोतिनो घरायसी काम गर्दै बिताउन थालिन् । एक किसिमले उनमा खिन्नता, डिप्रेसन छाइरहृयो । त्यसैले समयमै क्याम्पसमा स्नातक पढाइको लागि नाम दर्ता गर्ने काम भएन । यसरी सो वर्ष उनको पढाइ छुट्यो । शुरु-शुरुमा क्याम्पस पढ्दाको साथीहरू घरमा आउने गर्दथे । पछि उनले क्याम्पसमा नाम नलेखाएको हुँदा उनीहरु पनि आउने कम हुँदै गयो ।

लोकेश आफ्नी एकमात्र छोरी लोलिताको यस्तो अवस्था देखेर चिकित्सकहरुलाई देखाई राय-सल्लाह लिने कार्यमा दौड गर्न बाध्य भए । अर्को नौलो ठाउँमा लैजाने तथा उनको मनोविज्ञानअनुसार उतै पढाउने काम गर्न सल्लाह दिए । घरमा आफ्नी श्रीमती प्रभासँग सरसल्लाह गरी धेरै नेपालीको अध्ययन गर्ने छिमेकमा रहेको सिक्किमस्थित मणिपाल क्याम्पसमा स्नातक कक्षामा भर्ती गरी त्यहींकै महिला छात्रावासमा बस्ने-खाने प्रबन्ध मिलाएर फर्के । नौलो ठाउँ, नौला परिवेश तथा नयाँ सहपाठीहरू पाएर केही दिन उनी अकमक्क भए तापनि पछि त्यहीं रमाएर पढाइमा ध्यान दिन थालिन् । उनले आफ्नो पढाइमा प्रगति गर्दै निर्धारित समयको परीक्षामा राम्रो अङ्क ल्याएर स्नातक परीक्षा उत्तीर्ण भई आफ्नो जन्मथलो फर्किन् । बाबुआमा तथा आफन्तहरु ज्यादै खुशी भए । उनले स्नातकोत्तर पनि उतै गएर पढ्ने धोको रहेको सुनाइन् । लोकेशले पनि सहमति दिई आफैं छोरीका साथ गएर भर्ती गर्ने र बस्ने-खाने सारा प्रबन्ध गरी फर्के ।

लोलिता क्याम्पसको बर्खे बिदा तथा दशैं बिदामा घरमा आउँथिन् । परिवारमा बसी हाँसीखुशी पुन: पढाइको लागि फर्किन्थिन् । यसरी स्वदेशबाहिर गएर पढ्न थालेदेखि उनको स्वास्थ्य पनि राम्रो भएको थियो । यसरी चार-पाँच वर्षको दौरानमा लोकेशका १३ दिने दाजुभाइका तीन सन्तानको विवाह सम्पन्न भइसकेको थियो । उनीहरू लोलिताभन्दा पाँच-छ वर्ष जेठा थिए ।

लोकेशले पनि ललिताको स्नातकोत्तर परीक्षाको परिणाम आएपछि छोरीको वैवाहिक कार्य सिध्याउने योजना गरेका थिए । नभन्दै स्नातकोत्तर परीक्षामा उनी उत्तीर्ण भइन् । तब उनले आफ्नो जहान प्रभासँग छोरीको विवाह गरिदिने विषयमा कुरा गरे । प्रभाले आफूले पनि छोरीसँग यस विषयमा कुराकानी गरिसकेकी जनाउ दिइन् । छोरीको जवाफ अब विद्यावारिधि गर्ने, हाल विवाह गर्न नचाहेको हुन्थ्यो । लोकेशले पनि विद्यावारिधि पछि नै गराउने तर सर्वप्रथम यही वर्षमा गतिलो केटो खोजी छोरीको वैवाहिक कार्य गर्न पाए हाइसन्चो हुने मनसाय प्रभालाई सुनाए । छोरीलाई पनि विवाह गर्न मनाउनु भनेर काम विशेषले बाहिर लागे । एकदिन घरमा आमाछोरी मात्र थिए । छोरा पनि मामाघरको हजुरआमाले डाकेको हुँदा उतै गएका थिए । प्रभाले छोरी लोलितालाई डाकी हाँसखेल गर्दै बिस्तारै विवाहको कुरा निकालिन् ।

क्रमश: पृष्ठ-३....

# साइबर आक्रमणबाट बच्न सरकारले जारी गऱ्यो १०२ बुँदे 'एडभाइजरी'

काठमाडौं /पटक-पटक साइबर आक्रमणकारीको निसानामा परेपछि सरकारी वेबसाइट, डाटा र नेटवर्कको सुरक्षा गर्न सरकारले १०२ बुँदे 'एड्भाइजरी' जारी गरेको छ । साइबर सुरक्षा हेर्ने सरकारको आधिकारिक निकाय राष्ट्रिय साइबर सुरक्षा केन्द्रले सरकारी कार्यालयको सूचना प्रविधि प्रणालीलाई सुरक्षित राख्न तथा सम्भावित साइबर हमलाबाट जोगाउन साइबर सुरक्षा एडभाइजरी जारी गरेको राष्ट्रिय साइबर सुरक्षा केन्द्रका महानिर्देशक अनिलकुमार दत्तले बताए ।

'सरकारी कार्यालयको वेबसाइटमा समस्या देखिने, साइबर हमलामा पर्ने, सूचना चोरी हुनेलगायत समस्या देखिएपछि हामीले एडभाइजरी जारी गरेका हौं । अहिले देशभरका सरकारी वेबसाइट, एप्लिकेसन, सर्भर, नेटवर्क, डेस्कटप, ल्यापटप, मोबाइल उपकरण र सामाजिक सञ्जाल साइबर आक्रमणकारीको निसानमा परिरहेको समाचारहरू आइरहेका छन्,' उनले संचारकर्मीसँग भने, 'त्यसकारण यसबाट बच्नुन हामीले टुल्सको रुपमा १०२ बुँदे 'एड्भाइजरी' जारी गरेका हौं । यसले सरकारी निकायलाई मात्रै होइन । सर्वसाधारण नागरिकलाई पनि साइबर आक्रमणबाट कसरी जोगिने भनेर काम लाग्छ ।'

उनका अनुसार जारी गरिएको उक्त एडभाइजरीमा सरकारी कार्यालयको वेबसाइट, एप्लिकेसन, सर्भर, नेटवर्क, डेस्कटप, ल्यापटप, मोबाइल उपकरण र सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित विभिन्न सुरक्षात्मक उपायहरू समावेश गरिएका छन् । उनले सामान्य अज्ञानता वा लापर बाहीका कारण गम्भीर साइबर फन्दामा पर्ने गरेको र यसले ठूलो क्षति हुने गरेको बताए । ' अहिले नागरिकले मात्रै होइन सरकारी कर्मचारीले पनि सामान्रुय प्रोटोकल फलो गरेको देखिएन । यो कुरा हामीले मनन गरेरै कर्मचारी र प्रयोगकर्तालाई जानकारी दिनकै लागि भए पनि ल्याएका हौं, 'उनले भने, 'यो एडभाइजरी यो यसले गर्दा अब आउँदा दिनमा साइबर आक्रमण, फिसिङ, सोसल इन्जिनियरिङ, मालवेयरलगायतबाट बच्नुने चान्स धेरै हुन्छ भन्नुने अपेक्षा गरेका छौं ।'

सरकारी वेबसाइट वा एप्लिकेसनमा समस्या देखिँदा कुन व्यक्तिलाई सम्पर्क गर्ने भनेर 'फोकल पर्सन' तोक्नका लागि पनि केन्द्रले सबै मन्त्रालय, आयोग, विभागलाई पत्राचार गरेको छ । सरकारी वेबसाइट र नेटवर्क सुरक्षाका लागि नियमित रूपमा वेबसाइट अद्यावधिक गर्ने, सुरक्षा परीक्षण गराउने र डाटाको नियमित 'ब्याकअप' राखी व्यवसाय निरन्तरता योजना लागू गर्ने सल्लाह एडभाइजरी मार्फत दिइएको छ । त्यस्तै, एन्टिभाइरस, डेटाबेस, एप्लिकेसन लाइब्रेरी र अपरेटिङ सिस्टमहरू




अद्यावधिक गर्ने र मल्टिफ्याक्टर प्रमाणीकरण लागू गर्न निर्देशन गरिएको छ ।

एडभाइजरीमार्फत डेस्कटप, ल्यापटप र प्रिन्टर सुरक्षाका लागि लाइसेन्स प्राप्त सफ्टवेयर मात्र प्रयोग गर्न, सिस्टम र बायोसलाई स्वचालित रूपमा अद्यावधिक गर्न र प्रिन्टरहरूलाई इन्टरनेट पहुँचबाट अलग राख्ने उपाय अपनाउन भनिएको छ । पासवर्ड व्यवस्थापनका लागि सजिलै अनुमान गर्न नसकिने पासवर्ड राख्ने, तीन महिनामा कम्तीमा एक पटक परिवर्तन गर्ने र गोपनीयता कायम राख्न मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्न सिफारिस गरिएको छ । इन्टरनेट ब्राउजिङ सुरक्षाका लागि सुरक्षित ब्राउजिङ विधिहरूको प्रयोग, अद्यावधिक ब्राउजरको प्रयोग र व्यक्तिगत जानकारी अनधिकृत वेबसाइटमा सेयर गर्न भनिएको छ

सामाजिक सञ्जाल (सोसल मिडिया) मा अनधिकृत सामग्री पोस्ट नगर्न र व्यक्तिगत जानकारी सीमित मात्रामा प्रयोग गर्न तथा मोबाइल उपकरणको सुरक्षाका लागि अद्यावधिक गरिएको अपरेटिङ सिस्टम, विश्वसनीय स्रोतबाट मात्र एप डाउनलोड गर्नेलगायत विषयमा ध्यान दिनुपर्नेमा जोड दिइएको छ । यी उपायहरूको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित कर्मचारीहरूलाई नियमित रूपमा साइबर सुरक्षा तालिम दिने व्यवस्था गर्न पनि केन्द्रले आग्रह गरेको छ । केन्द्रले वेबसाइट अपडेट, डेटा ब्याकअप, सुरक्षित पासवर्ड, मल्टि-फ्याक्टर प्रमाणीकरण, नेटवर्क सेगमेन्टेसन र एन्टिभाइरस अपडेटलगायत कुरामा ध्यान पुऱ्याएर साइबर सुरक्षालाई सुदृढ बनाउन सकिने जनाएको छ ।

### एडभाइजरीमा के के टुल्सहरू छन् ?

साइबर सुरक्षा केन्द्रले सरकारी लगायतका जुनसुकै कार्यालयमा जेन्युन लाइसेन्स भएका अपरेटिङ सिष्टम तथा सफ्टवेयरहरू मात्र प्रयोग गर्न सुझाव दिएको छ । नियमित रुपमा कम्प्युटर र ल्यापटप प्रयोग गर्ने आधिकारिक व्रुयक्तिले मात्र प्रयोग गर्न तथा सबै एकाउन्टमा बलियो पासवर्ड राख्न पनि सल्लाह दिएको छ । यस्तै अपरेटिङ सिष्टम र बायोस फ्रेमलाई नयाँ अपडेटहरूलाई नियमित रुपमा विश्वसनीय स्रोतबाट मात्र अद्यावधिक हुनसक्नुने गरी सेटिङ गर्न बताएको छ ।

कम्प्युटरमा एन्टी भाइरस क्लाइन्ट इन्स्टल गरी त्यसलाई नयाँ भाइरस डेफिनिशन, सिगनेचर र प्याचहरूमा अपडेट गर्ने, अफिसमा भएका डेस्कटप वा ल्यापटप प्रयोग गर्नु नपर्ने अवस्थामा भने आफूले सधैं लकअफ/लगअफ गर्ने तथा कार्यालय छाड्दा पनि अनिवार्य रुपमा शटडाउन गरेर जान पनि सुजाव दिएको छ । यसैगरी डेस्कटप/ल्यापटपमा र मोबाइलमा फोनमा आवश्यक पर्दाबाहेक जीपीएस, ब्लूटुथ, एनएफएस र अन्य सेन्सरहरूलाई बन्द गरेर राख्नुन पनि सल्लाह दिएको छ ।

यस्तै प्रिन्टरको सफ्टवेयरलाई लेटेस्ट भर्सनको अपडेट/प्याचहरूसँग जोड्नुन पनि राय दिएको छ भने कार्यलययमा र हर्का सेयर प्रिन्टरहरूमा युनिक पासवर्ड इन्टरनेटको पहुँचमा नहुने गरी सेट गर्न सुझाव दिइएको छ । साथै प्रिन्टरमा प्रिन्ट हिस्ट्री भण्डारण नगर्न पनि सल्लाह साइबर सुरक्षा केन्द्रले एडभाइजरीमा उल्लेख गरेको छ । आन्तरिक सरकारी दस्तावेजहरूको स्क्यानिङका लागि क्याम स्क्यानर जस्ता कुनै पनि बाह्रय मोबाइल एपमा आधारित स्क्यानर सेवाको प्रयोग नगर्न पनि सुरक्षा केन्द्रले अनुरोध गरेको छ ।

### पासवर्ड व्यवस्थापन गर्न

अहिले विशेषगरी ह्रयाकरहरूले पासवर्ड ह्रयाक गर्ने चलन भएकाले साइबर सुरक्षा केन्द्रले भने पासवर्ड सुरक्षित बनाउन सहजै अनुमान गर्न नसकिने गरी बलियो पासवर्ड बनाउन सल्लाह दिएको छ । जसका लागि ठूला र साना अक्षरहरू, संख्या तथा विशेष सांकेतिक चिह्रनहरू मिश्रित कम्तिमा ८ क्यारेक्टरको सुरक्षित पासवर्ड प्रयोग गर्न आग्रह गरिएको छ । त्यतिमात्रै होइन उक्त पासवर्ड पनि कम्तिमा ३/३ महिनामा परिवर्तन गरिरहन पनि सल्लाह दिएको छ ।

अहिलेसरकारी कर्मचारीहरू, आम नागरिकले पनि आफू सहभागी कार्यक्रम, अफिसको कार्ड, नागरिकता, बैंक कार्ड प्रचारकै लागि भए पनि सामाजिक सञ्जालहरूमा बग्रेल्ती पोस्ट गरिरहेका हुन्छन् । त्यसकारण सरकारी कर्मचारी वा नागरिकहरूलाई आफ्नो व्यक्तिगत जानकारीहरु जस्तै: नाम, जन्ममिति, ठेगाना आदिको प्रयोग पासवर्डका रूपमा प्रयोग नगर्न आग्रह गरिएको छ । कुनै पनि प्रणालीको डिफल्ट पासवर्ड तुरुन्त परिवर्तन गरी मल्टिफ्याक्टर प्रमाणीकरण प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ । यसैगरी एउटै पासवर्डलाई विभिन्न सेवा वा प्रणालीमा प्रयोग नगर्न र पासवर्ड गोप्य राखी अनधिकृत व्यक्तिसँग सेयर नगर्न सुझाव केन्द्रले दिएको छ ।

### इन्टरनेट ब्राउजिङको सुरक्षा बढाउन

अहिले डिजिटल प्रविधिले सबैलाई आफ्नो कब्जामा राखिसकेको छ । त्यसकारण सरकारी एप्लिकेसन, बैंकिङ सेवा वा अन्य कुनै महत्वपूर्ण सेवाहरू प्रयोग गर्दा सधैं प्राइभेट ब्राउजिङ/इन्कग्निटो मोड प्रयोग गरेर गर्दा सुरक्षित हुने सुझाव दिइएको छ । कुनै पनि वेबसाइटको लिंक खोल्दा सिधैं क्लिक नगरी ब्राउजरको एड्रेसबारमा डोमेन म्यानुअली टाइप गर्ने र ब्राउजरको नयाँ संस्करण प्रयोग गर्ने तथा यसलाई रुपमा नियमित अपडेट पनि गर्न भनेको छ ।

मुख्य कुरा कुनै पनि ब्राउजरमा कहिल्यै पनि युजरनेम र पासवर्ड सेभ नगर्न पनि सुझाव दिइएको छ । अनधिकृत थर्ड पार्टी सेवाहरू, जस्तै: नर्ड भिपिएन, एक्सप्रेस भिपिएन वा प्रोक्सीहरूको प्रयोग नगर्न र शङ्कास्पद वा पायरेटेड सामग्री डाउनलोड गर्नबाट जोगिन साइबर सुरक्षा केन्द्रले आग्रह गरेको छ ।

### इमेल तथा फिसिङ आक्रमणबाट बच्न

अहिले इमेलमार्फत हुने फिसिङ आक्रमणको तथ्याङ डर लाग्दो छ । त्यसकारण यसबाट बच्न अपरिचित व्यक्तिबाट आएका इमेल तुरुन्तै नखोल्न र शंकास्पद अट्याचमेन्ट वा लिङ्कलाई तत्काल नखोल्न आग्रह गरेको छ । शंकास्पद इमेललाई स्प्याम रिपोर्ट गरी डिलिट गरिदिने र अत्यावश्यक बाहेकका वेबपेज, न्युजलेटर, मेलिङ लिस्टहरुमा हतार हतार सब्सक्राइबर नगर्न पनि सुझाएको छ । यसका साथै इमेल सेवामा मल्टिफ्याक्टर प्रमाणीकरण सक्रिय गर्ने, सार्वजनिक वाइफाइ प्रयोग गरेर व्यावसायिक इमेल नखोल्ने र सकेसम्म सुरक्षित भीपीएनको पयोग गर्नुपर्ने एडभाइजारीमा बताएको छ ।

### रिमुभेबल मिडिया सुरक्षित बनाउने विधि

रिमुभेबल मिडिया (युएसबी, एक्स्ट्रनल हार्ड ड्राइभ आदि) प्रयोग गर्दा यसलाई प्रयोग गर्नुअघि स्क्यान गर्नुपर्ने र त्यसमा भएका संवेदनशील सामग्रीलाई पासवर्ड वा इन्क्रिप्सनका माध्यमबाट सुरक्षित गर्नुपर्ने जनाइएको छ । अनधिकृत स्रोतबाट प्राप्त मिडियाहरू प्रयोग नगर्न र कार्यालयद्वारा स्वीकृत मिडियाहरू मात्र प्रयोग गर्न एडभाइजरी मार्फत निर्देशन दिइएको छ ।

### सामाजिक सञ्जाललाई सुरक्षित राख्न

सामाजिक सञ्जाल प्रयोग गर्दा आफ्नो व्यक्तिगत जानकारी सञ्जाल र नेटवर्किङ साइटहरुमा नराख्न आग्रह गर्दै राखिहालेमा सीमित राख्न, अपरिचित व्यक्तिको फ्रेन्ड रिक्वेस्ट वा मेसेज स्वीकार नगर्न पनि अनुरोध गरेको छ । यसका साथै सरकारी इमेल ठेगानाहरू सामाजिक सञ्जालमा पोस्ट नगर्न पनि सुझाव दिएको छ ।

### मोबाइलको सुरक्षा गर्ने तरिका

अहिले सरकारी तथ प्राइभेट कम्पनीहरूले आफ्ना धेरै सेवालाहरूलाई डिजिटलमा विस्तार गरिरहेको छ भने यसलाई तथ बिस्तार गर्न लागि परेका छन् । यस्तोमा मोबाइल उपकरणहरू सुरक्षित भइरहेका छैनन् । यसका लागि मोबाइललाई नियमित रुपमा नयाँ प्याचमा अपडेटन गर्न र वाइफाई जीपीएस, ब्लूटुथ, एनएसी र अन्रुय सेन्सरहू आवश्रुयकताको आधारमा मात्र इनएबल गर्न सुझाव दिएको छ । साथै कुनै पनि एप इन्स्टल एपको लोकप्रियता चेक गर्ने र पाठकका समीक्षाहरू अध्ययन गरेर मात्र डाउनलोड गर्न पनि सुझाव दिएको छ । यस्तै संवेदनशील छलफद्य वा बैठकमा भाग लिँदा मोइबफोन बन्द गर्न र सुरक्षित स्थानमा राख्नुन पनि राष्ट्रिय सुरक्षा केन्द्रले सुझाव दिएको छ ।

त्यसैगरी मोबाइलमा एसएमएस आउँदा होस् वा सामाजिक सञ्जालमार्फत सेयर गरिएका आकर्ष अफरहरू/ छुटहरू समबन्धी लिंक खोद्युदा भने सावधानी अपनाउन पनि सुझाव दिएको छ भने मोबाइल हराएमा वा चोरी भएमा मोबाइलमा रहेको १५ डिजिटको *#06# नम्बर अफलाइन राखिदिने तथा प्रि सेलेक्टेड नम्बरहरूमा म्यासेज आउने लगायतका सुविधासहितको ट्र्याकिङ फिचर प्रयोग गर्न साइबर सुरक्षा केन्द्रले सल्लाह दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# अदालत पुग्यो 'एक्टर' नाम विवाद, प्रदीपको फिल्मको रिलिज रोक्न माग




काठमाडौं/गत माघ ४ गते प्रदर्शनमा आएको फिल्म 'एक्टर' र यही बुधबारबाट प्रदर्शन हुन लागेको 'एक्टर : टेक वन'को नाम विवाद अदालत प्रवेश गरेको छ । फिल्म रिलिजपूर्व 'हामी नै असली एक्टर हौं' भन्दै पत्रकार सम्मेलन गरेका निर्माताले आइतबार अभिनेता प्रदीप खड्काको मुख्य भूमिका रहेको 'एक्टर : टेक वन'को प्रदर्शन रोक्न माग गर्दै जिल्ला अदालत काठमाडौंमा रिट दायर गरेका छन् ।

'एक्टर'को प्रस्तुतकर्ता कम्पनी नेपाली डायस्पोरा इन्टरटेन्मेन्टको तर्फबाट सम्राट थापाले अदालतमा दर्ता गरेको रिटमा प्रतिलिपि अधिकार बमोजिम कारबाही गरेर क्षतिपूर्ति दिन आदेश माग गरिएको छ । उनले रिटमा बौद्धिक सम्पत्ति चोरी गरेर 'एक्टर' नाममा अर्को फिल्म बनाउने कार्य अनैतिक रहेको र यसबाट आफूलाई धेरै क्षति हुने अवस्था रहेको उल्लेख गरेका छन् ।

'विपक्षीहरुको कार्यले मेरो फिल्मको विषयमा आम दर्शकहरुका माझ भ्रमको अवस्था सिर्जना भई मेरो फिल्मले तत्काल आशातित व्यवसाय गर्न नसकेको अवस्था छ भने मैले निकट भविष्यमा विदेशमा चलचित्र प्रदर्शन गर्ने योजना बनाएकोमा विपक्षीहरुको कार्यले मलाई धेरै क्षति हुने अवस्था छ,' रिट निवेदनमा 'एक्टर : टेक वन'को नाम परिवर्तन गर्न समेत आदेश माग गरिएको छ ।

साथै, रिटमा मुद्धाको अन्तिम किनारा नलागेसम्म फिल्मको प्रदर्शन रोक्न माग गर्दै भनिएको छ, 'विपक्षीले हाम्रो नाम र कथावस्तु चोरी गरि निर्माण गरेको 'एक्टर' यही माघ १६ गते देशव्यापी प्रदर्शन गर्ने मिति तय गरेका छन् । उक्त दिन सो चलचित्र प्रदर्शन गरेमा प्रस्तुत मुद्धाको औचित्य समाप्त हुने हुँदा, मुद्धाको अन्तिम किनारा नभएसम्म उक्त चलचित्रलाई कहीं कतै प्रदर्शन नगर्नु नगराउनु भनि रोक्काको आदेश जारी गरिपाउँ ।'

'एक्टर' बक्स अफिसमा 'डिजास्टर' भइसकेको छ । प्राय: हलमा दर्शक अभावका कारण फिल्मको एक शो पनि चल्न सकेन । यो फिल्मका निर्देशक मदन घिमिरे हुन् । कुनै बेला उनले निर्देशन गरेका 'जीवनदाता', 'भाग्य रेखा', 'मिस्टर डन' जस्ता फिल्म सफल मानिन्छन् । 'एक्टर'मा प्रिन्स थापा, कशिस दाहाल, सरोज खनाल, मनीषा पाण्डे लगायतको अभिनय छ ।

त्यस्तै, राजन भुसालको डेब्यु निर्देशनमा तयार भएको 'एक्टर : टेक वन'मा प्रदीपसहित आना शर्मा, दिव्या रायमाझी, राजबल्लभ कोइराला, सुशील सिटौला, निश्चल बस्नेत लगायतको अभिनय छ । थमन भण्डारीको निर्माण रहेको फिल्मको गीत र ट्रेलरबाट राम्रो हाइप बनेको छ । तर, अर्को 'एक्टर'का निर्माताले अदालतमा रिट दर्ता गरेकाले अब फिल्मको प्रदर्शन के हुन्छ भन्ने अन्योलता छ ।

# कस्तो चल्यो 'केटी हराएको सूचना' ?




काठमाडौं/नेपाली फिल्म क्षेत्रका लागि मंसिर र पुष महिना व्यापारको हिसाबले निराशाजनक रहन पुग्यो । दयाहाङ राई, सौगात मल्ल जस्ता 'स्टार'का फिल्म समेत फ्लप भए । यो अवस्थामा शुक्रबारबाट प्रदर्शन भएको फिल्म 'केटी हराएको सूचना'प्रति धेरैको अपेक्षा थियो । तर, फिल्मको दुई दिनको प्रदर्शन हेर्दा उत्साहित हुनुपर्ने अवस्था देखिँदैन । फिल्मले बक्स अफिसमा औसत सुरुवात गरेको छ ।

पहिलो दिन शुक्रबार काठमाडौंका हलहरुमा प्राप्त केही शोमा फिल्मको अकुपेन्सी सुखद् देखिएको थियो । तर, बहुसंख्यक शोमा ३० प्रतिशत पनि अकुपेन्सी रहेन । शनिबारको विदामा केही सुधार त देखियो तर त्यो अपेक्षा अनुसार थिएन । काठमाडौं, बनेपाका केही हलमा एकाध शो हाउसफुल नजिक देखिए पनि देशभरका धेरैजसो हलमा दर्शकको अभाव नै रह्रयो ।

आइतबारबाट कामकाजी दिन सुरु भएकाले फिल्मको असली परीक्षा अब हुनेछ । दुई दिन फिल्म हेरेका दर्शकले कस्तो खालको प्रचार गर्छन्, फिल्मको व्यावसायिक भविष्य त्यसैले निर्धारण गर्नेछ । तर, फिल्मलाई दर्शकबाट मिश्रित प्रतिक्रिया प्राप्त छ । कतिले फरक शैलीको फिल्म भन्दै प्रशंसा गरेका छन् भने कतिले सुस्त गतिको कथावाचनलाई फिल्मको कमजोरी मानेका छन् ।

शुक्रबार र शनिबार फिल्मका जोडी नाजिर हुसेन र सृष्टि श्रेष्ठले बनेपासम्म पुगेर दर्शकसँग भेट गरेका थिए । सृष्टिले हलमा फरक-फरक उमेरका दर्शक देख्दा खुसी लागेको बताइन् । 'हरेक उमेरका दर्शकले फरक-फरक हिसाबले फिल्मलाई लिनुभएको छ । कसैले विगत सम्झिनुभएको छ । युवापुस्ताले ट्राभल, एड्भेन्चर मन पराउनुभएको छ । त्यो कुराले खुसी लागेको छ,' उनले भनिन् ।

नाजिर पनि हलमा भेटिएका दर्शकको प्रतिक्रियाबाट उत्साहित देखिए । 'हरेकले फिल्मको कथावाचन शैली रुचाउनुभएको छ । म एकदमै खुसी छु,' उनी भन्छन्, 'हाम्रो फिल्म एकदमै मसलेदार होइन । तर, जुन किसिमको 'वर्ड अफ माउथ' मिलेको छ, त्यसले उत्साह थपेको छ ।' फिल्ममा नाजिरले राम र सृष्टिले सीताको भूमिका निर्वाह गरेका छन् ।

३२ वर्षअघि 'उजेली' जस्तो 'क्लासिक' डकु-ड्रामा बनाएका दीपेन्द्र गौचनको निर्माण, लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा नाजिर र सृष्टिसहित सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, सुदीप पटेल, रुपेश मण्डल, अनिल कुर्मी, अर्जुन पोखरेल लगायतको अभिनय छ । फिल्मले दुई अलग पृष्ठभूमिका पात्रको कथा पेस गरेको छ ।

# सामाजिक परिवेश...

विद्यावारिधि गर्न हत्पताउन जरुरी छैन, सो कुरा बिस्तारै कामकाज गर्दै गएपछि गर्दा झन् आफूलाई नै फाइदा हुने हो, अत: सर्वप्रथम कुनै क्याम्पसमा पढाउने अथवा सरकारी वा गैरसरकारी सेवामा प्रवेश गरेमा सुनमा सुगन्ध थपेझैं हुन्छ भन्दा लोलिताबाट केही जवाफ प्रभाले पाइनन् । पछि उनले छोरीलाई माया गरी फकाएर 'विवाह गर्न नचाहनुको कुनै विशेष कारण भए भन, आफूलाई लागेको कुरा भन्न डर मान्नु अथवा लाज मान्नु राम्रो होइन' भनिन् ।

लोलिताले आफ्नी आमाले मायाले फकाई-फकाई सोध्ने गरेकोमा आफूले विवाह गर्न नचाहेको कारण बताइन् । बाहिर फेर अध्ययन गर्न जाँदा त्यहींकै आफूभन्दा माथिल्लो कक्षामा पढ्ने केटोले आफूलाई पढाइदेखि अन्य काममा ठूलो सहयोग गरी गुन गरेको हुँदा ऊप्रति ज्यादै आभारी भई प्रेम हुन पुगेको लोलिताले बताइन् । उसको पनि आफूप्रति प्रेम भएको हुँदा विवाह गरेमा उसैसँग मात्र गर्ने, नभए अरुसँग गर्ने मनस्थिति किमार्थ नरहेको कुरा उनले दोहोऱ्याइन् । आफ्नी छोरीको यस्तो कथन सुनेर प्रभा एकछिन् बोल्न नै सकिनन् ।

राति खाना खाई सबै आ-आफ्नो कोठामा सुत्न गए । प्रभाले आफ्नो लोग्नेलाई छोरीले दिउँसो आफूलाई भनेकी यावत् कुराको बेलीविस्तार गरिन् । त्यो सुनेर लोकेश एकछिन् टोलाउन पुगे । त्यसपछि उनले छोरीसँग त्यस विषयमा आफैं कुरा गर्ने मनसाय प्रकट गर्दै सुत्न तर्खर गर्न थाले । भोलिपल्ट बिहान प्रात: कालीन क्रियाकर्म समाप्तिपछि लोकेशले लोलितासँग हाँसठट्टा गर्दै विवाहको प्रसङ्ग निकाले । लोलिताले पुन: आफ्नो एकमात्र चाहना विद्यावारिधि गर्ने रहेको हुँदा हाल विवाह गर्न नचाहेको ढिपी दोहोऱ्याइन् ।

लोकेशले भने, 'विवाह भनेको समयमै गर्नुपर्छ । मानिस भएर समयोचित काम गरी आफ्नो मानमर्यादामा रहनु जरुरी छ । कसैको मर्का पर्ने, मन दुखाउने, क्रियाकलाप गर्नु मानवीय काम होइन । त्यसैले सर्वजन हित हुने काम गर्नु नितान्त जरुरी छ । आफ्नो घाँटी हेरी हाड निल्नुपर्छ । त्यसैले आफ्नो स्वजातीय केटा आफ्नो पहुँच भएका, धर्म सम्प्रदाय मिल्नेसँग दाम्पत्य जीवन अँगालिएमा सर्वजन हित हुन्छ । यस विषयमा एकपल्ट राम्ररी मनन गरी भोलिसम्ममा मलाई जवाफ देऊ ।'

भोलिपल्ट लोकेशले बिहान चियापान गर्दा हिजो आफूले भनेको कुराको जवाफ मागे । आफ्नी आमालाई भनिसकेको त्यही कुरो उनले दोहोऱ्याइन् । सो कुरा नभए कोहीसँग पनि विवाह नगरी आफू बूढी कन्या भएर बस्ने प्रण दोहोऱ्याइन् । लोकेश तथा प्रभा चुपचाप लागी एक हप्तासम्म छोरीको क्रियाकलाप हेर्ने विचार गरे । उनीहरुले छोरी केही गलेको, अनुहार फुङ्ग उडेको जस्तो तथा जाँगर नभई शिथिल भएको अनुभव गरे ।

आमाबाबुले त्यसपश्चात् छोरीलाई माया गरेर नरम बोलीमा आफूहरूले उनको सदा सर्वदा भलो चाहेको, छोरीको भविष्य सुख समृद्धशाली भएको मात्र हेर्न चाहेको खुलस्त गरी भने । त्यसैले सदा सर्वदा आफ्नो नजर पर्ने स्वजातीय केटासँग वैवाहिक जीवनयापन गराउने एकमात्र धोको रहेको हुँदा सम्झाउन खोजेको खुलस्त भने । यसरी बेलामौकामा उनलाई माया गर्ने मामाघरको हजुरआमा, सानीआमालगायत मामाहरूले पनि मनाउन खोजे तर केही सीप नलागेको हुँदा लोकेश र प्रभाले छोरीको सुखद भविष्यको लागि उनको चाहनाअनुसार गर्ने निधो गरे ।

एकदिन लोकेश र प्रभाले माया गरी छोरीले मन पराएको केटोको बारे उनलाई सोधनी गरे । लोलिताले मोबाइलमा रहेको केटोको फोटो देखाउँदै उनको शैक्षिक क्रियाकलाप, उनको पारिवारिक एवं आर्थिक स्थितिको आफूलाई थाहा भएको यावत् कुरा संक्षेपमा सबै बताइन् । लोकेशले यसरी छोरीको सिक्किम मणिपाल विश्वविद्यालयमा अध्ययन गर्दा भएको माया-प्रीतिको बारेमा थाहा पाइसकेपछि आफ्ना मिल्ने दाजु तथा ससुराली खलकसँग के-कसो गर्नुपर्छ भन्ने सल्लाह गरे । सबैले छोरीको इच्छाअनुसार गरिदिनु बाहेक अन्य उपाय नभएको मन्तव्य प्रकट गरे । यसरी सविस्तार कुरा बुझेपछि लोकेशले लोलिताको मोबाइलबाट सुरजलाई फोन गरी उनको लोलितासँगको सम्बन्धबारे विस्तृत जानकारी लिन खोज्दा उनले आफू र आफ्नो परिवार यस विषयमा विरोधी नरहेको, विवाह गर्न चाहना रहेको हुँदा मन्जुरी भएको संक्षिप्त जवाफ दिए ।

फोनबाट कुरा आएपछि वैवाहिक कार्यतालिका मिलाउन केटाको घरमा कुराकानी गरी विवाहको दिन, स्थान छिन्न लोकेश आफ्नो एकजना साथीसँग सिक्किम गए । केटा पक्षले सामान्य किसिमले कम खर्चमा विवाह सम्पन्न गर्न चाहेको हुँदा त्यहीं आएर गरे दुवैलाई सुविधा हुने भन्ने व्यहोरा पेस गरे । लोकेशले घरमा सरसल्लाह गरी जवाफ दिन्छु भनी फर्के । घर सल्लाहअनुसार दिन निश्चित गरी आफ्ना बन्धुबान्धवहरूको टोली उतै गएर पार्टी प्यालेसमा विवाह सम्पन्न गरे । त्यसतर्फ जाने टोली नौलो ठाउँ घुमफिर गरी बेजातीय जुवाइँ भए पनि एउटै हिन्दु धर्म मान्ने कथित उपल्लो जाति रहेकोमा खुशी नै भए ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'डोरी' पोस्टरमा यस्ती देखिइन् अञ्जना

काठमाडौं/आगामी चैत १५ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'डोरी'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । यसअघि सार्वजनिक फर्स्टलुकमा कलाकार वीरेन्द्र सिंह कुशवाहालाई मात्र चित्रित गरिएकोमा नयाँ पोस्टरमा भने फिल्मका मुख्य पात्रहरु कविता आले, प्रकाश घिमिरे, प्रवीण खतिवडा, शिशिर बाङ्देल, अरुण लामा, अञ्जना बराइली, राज पौडेल, नूतन र राज थापा प्रस्तुत छन् ।

पोस्टरको केन्द्रमा अञ्जना छिन्, जसले फिल्ममा उनको चरित्रको महत्वलाई दर्शाउँछ । उनी पारम्परिक पोसाकमा हँसिलो भावमा देखिएकी छिन् । अन्य पात्रहरु विभिन्न भावभङ्गीमा प्रस्तुत छन् । पोस्टरमा केही पात्रहरुलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । जसले फिल्मको कथावस्तुमा हास्य, सैर्ष र गम्भीर भावनाहरुको मिश्रण रहेको सङ्केत गर्छ ।

फिल्मका लेखक तथा निर्देशक अरुण लामा हुन् । 'डोरी' नामले बाँधिएको सम्बन्ध र जिम्मेवारीलाई प्रस्तुत गर्ने उनको भनाइ छ । उनी भन्छन्, 'फिल्मका पात्रहरू आ-आफ्ना तरिकाले बाँधिएका छन् । कोही जिम्मेवारीको डोरीले, कोही समस्याको डोरीले र कोही मायाको डोरीले । यसले वास्तविकताको खोज र रहस्यलाई उजागर गर्दछ ।' फिल्मको निर्माताामा दिनेश भट्टराई छन् भने कार्यकारी निर्माताको जिम्मेवारीमा राज थापा सम्हालेका छन् ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडाको ३ नम्बर वडा बालमैत्री घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ हेटौंडा उपमहानगरपालिका-३ नम्बर वडालाई आइतबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको छ । विभिन्न सूचक पूरा गरेसँगै हेटौंडा-३ लाई निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको हो ।

'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मूलनाराको साथ वडालाई बालमैत्री वडा घोषणा गरिएको हो । कार्यक्रम ३ नम्वर वडाध्यक्ष ढलकबहादुर थापाको सभाध्यक्षता एवम् हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा भएको हो । प्रमुखअतिथि लामाले प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्दै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी हुन् ।

सो अवसरमा बोल्दै नगरप्रमुख लामाले बालमैत्री घोषणालाई दिगोरुपमा सार्थकता दिनेगरी काम गर्न अनुरोध गरिन् । कार्यक्रममा उपमेयर राजेश बानियाँ, हेटौंडा उपमहानगरपालिका प्रवक्ता सविन न्यौपाने, जनप्रतिनिधि, विद्यार्थी, शिक्षक लगायत विभिन्न संघसंस्थाको प्रतिनिधिको उपस्तिथि रहेको थियो । यस वडामा कुल बालबालिका १ हजार ४ सय ९८ जना छन् । जसमा ७९३ बालक र ७०५ बालिका रहेका छन् ।

यो वडामा सामुदायिक र संस्थागत गरी बालविकास केन्द्र सहित ५ वटा विद्यालय संचालनमा छन् । यसैगरी, १२ वटा बालसमुह र एउटा बालसञ्जाल रहेको छ । जसमा ३०० जना बालबालिका आबद्ध छन् । १९ वटा वडा रहेको हेटौंडा उपमहानगरपालिकामा पछिल्लो समयमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा हुनेक्रम बढ्दो छ ।

# चेपाङ समुदायको अवस्थाबारे छलफल

साझाकुरा संवाददाता


हेटौंडा, १३ माघ/ मकवानपुरका सीमान्तकृत चेपाङ समुदायको अवस्थाको विषयमा राष्ट्रिय मानवअधिकार आयोगले सरोकारवाला निकायसँग छलफल गरेको छ ।

चेपाङ समुदायको आर्थिक, सामाजिक, शैक्षिक, मानवअधिकारको अवस्था लगायतका विविध विषयमा चेपाङ समुदायका अगुवासहित यस समुदायको क्षेत्रमा काम गर्दै आएका संघ संस्थाका प्रतिनिधिसँथ छलफल गरेको हो । कार्यक्रममा सहभागी चेपाङ अगुवाले रिद्धिसिद्धि सिमेन्ट उद्योगको खानीका कारण विस्थापित नै हुनुपर्ने अवस्था आएको गुनासो गरेका थिए । प्रदुषणका कारणले गर्दा विविध स्वास्थ्य समस्या देखिने गरेको उनीहरुले बताएका छन् ।

कार्यक्रममा बोल्दै सिविन मकवानपुरका प्रमुख झविन्द्र ज्ञवालीले चेपाङ समुदायमा बालविवाह ठूलो चूनौतिका रुपमा रहेको बताए । राष्ट्रिय मानव अधिकार आयोगले चेपाङ समुदायको अवस्था, चेपाङका सन्दर्भमा तीनै तहका सरकार, संघसंस्थाले गर्दै आएका कार्य लगायत विषयमा प्रतिवेदन तयार गर्न लागेको आयोगका उपसचिव लोकनाथ बास्तोलाले बताए । आयोगले विस्तृत अध्ययन गरी तयार पारेको प्रतिवेदन नेपाल सरकारलाई बुझाउने छ ।

कार्यक्रममा संविधानसभा सदस्य गोविन्दराम चेपाङ, बागमती प्रदेशका पूर्वराज्यमन्त्री शन्तबहादुर चेपाङ, आयोग बागमती प्रदेशप्रमुख पवनकुमार भट्ट, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका कार्यवाहक अध्यक्ष कमल विश्वकर्मा, जिल्ला अध्यक्ष रमिला सापकोटा लगायत चेपाङ समुदायका लागि कार्य गर्दै आइरहेका संघ संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । २०७८ सालको जनगणना अनुसार मकवानपुरमा चेपाङ समुदायको जनसंख्या १४ हजार रहेको छ ।

# कथा चौतारी: सिर्जना, सपना र प्रेरणाको उत्सव



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ मकवानपुर बालविद्या सदन विद्यालयको सभाहलमा 'कथा चौतारी: सिर्जना, सपना र प्रेरणाको मेल' कार्यक्रमको सुरुआत भएको छ ।

चार दिनसम्म सञ्चालन हुने यो कार्यक्रम कक्षा १ देखि ५ सम्मका बालबालिकाको सिर्जनात्मकता प्रस्तुत गर्ने विशेष मञ्च हो । कथा मानिसको जीवनलाई समृद्ध बनाउने अद्भुत साधन हुन् । यही सोचलाई व्यवहारमा उतार्दै विद्यालयले 'कथा चौतारी' कार्यक्रमको अवधारणा अघि सारेको बताइएको छ । यो कार्यक्रम शिक्षकमाथि गरिएको विशेष कथालेखन तालिमबाट सुरु भएको थियो ।

तालिमले शिक्षकलाई कथालेखनको सीप सिकायो, जसलाई उनीहरुले कक्षाकोठामा विद्यार्थीसँग अभ्यास गराए । यसले बालबालिकाको सोच, कल्पनाशक्ति, र लेखन क्षमतालाई प्रोत्साहन गरेको छ । बालबालिका, शिक्षक, र अभिभावक बीचको सम्बन्धलाई सिर्जनशीलताका माध्यमबाट थप बलियो बनाउने लक्ष्यका साथ, यो कार्यक्रमले बालबालिकालाई आफ्ना सपना र सिर्जना अभिव्यक्त गर्न प्रेरित गरेको छ । यस मञ्चले उनीहरुको प्रतिभा उजागर गर्दै उनीहरुको कथा भन्न सक्ने आत्मविश्वास निर्माण गरेको छ ।

कार्यक्रमको पहिलो दिन कक्षा १ का विद्यार्थीले आफ्ना कथा रचना प्रस्तुत गरेका छन् । ती बाल्यकालका सरल कल्पनाले न केवल सभागृहलाई हर्षित बनायो, अभिभावकलाई भावुक्समेत बनायो । कार्यक्रममा साहित्यकार एवम् पठन संस्कृति विकासका अभियन्ता, छवि अनित्य प्रमुख अतिथिकारुपमा उपस्थित थिए । सभाध्यक्ष विद्यालयका संस्थापक सुदीपराज गिरी रहेका थिए । अतिथिमा विद्यालयको शिक्षक, अभिभावक संघका सदस्य आइतमान नेगीलगायत सम्पूर्ण अभिभावकको सहभागिता रहेको थियो ।

चार दिनसम्म चल्ने यस कार्यक्रममा कक्षा २ देखि ५ सम्मका विद्यार्थीले आ-आफ्ना कथा प्रस्तुत गर्दै यस यात्रालाई अझ रोचक र प्रेरणादायी बनाउनेछन् । कार्यक्रमले अभिभावक्लाई आफ्ना बालबालिकाको सिर्जनशीलता र क्षमता नजिकबाट अनुभव गर्ने अवसर प्रदान गऱ्यो । एकजना अभिभावकले भने, 'कुनै मञ्चमा उभिनु बालबालिकाका लागि चुनौतीपूर्ण कुरा हो । तर, यस कार्यक्रममा उनीहरुले देखाएको आत्मविश्वास, जसले उनीहरुलाई आफ्ना विचार अभिव्यक्त गर्न प्रोत्साहित गऱ्यो, हाम्रो लागि निकै प्रेरणादायी रह्यो । यो विद्यालयको सैद्धान्तिक शिक्षाभन्दा परको मूल्यवान योगदान हो ।'

'कथा चौतारी' सिर्जना र प्रेरणाको मात्र मञ्च होइन, यो विद्यालय, बालबालिका र अभिभावक बीचको सम्बन्धको एउटा अद्भूत कथा पनि हो । शिक्षकमाथि गरिएको तालिम र बालबालिकाले प्रस्तुत गरेको अनमोल सिर्जनाले विद्यालयको शिक्षण प्रणालीमा एउटा नवीन अध्याय थपेको छ । कथा चौतारी मकवानपुर बालविद्या सदन विद्यालयको हस्ताक्षर कार्यक्रमका रुपमा विकसित हुँदै जानेछ । यो कार्यक्रमले बालबालिकाको प्रतिभा उजागर गर्ने मात्र होइन, कथाको शक्ति र जीवनका लागि यसको महत्वलाई पनि अझ प्रस्ट्याएको छ ।

विद्यालयले यस कार्यक्रमलाई हरेक वर्ष अझ सुदृढ र विस्तारित रुपमा आयोजना गर्ने लक्ष्य राखेको संस्थापक प्रिन्सिपल गिरिले बताए । जसरी हरेक मानिसका जीवनमा कथा महत्वपूर्ण स्थान राख्छन्, त्यसरी नै 'कथा चौतारी' बालबालिकाको सिर्जना र प्रेरणालाई सजीव बनाउने यो विशेष प्रयास अविस्मरणीय रहिरहने गिरीले बताए ।

# सोनाम ल्होछारमा राक्सिराङमा तीन दिन बिदा



साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले तामाङ समुदायको पर्व सोनाम ल्होछारको अवसरमा तीन दिन सार्वजनिक बिदा दिने भएको छ ।

तामाङ समुदायको नयाँ वर्षको रुपमा हरेक माघ शुक्लप्रतिपदाको दिन मनाइने सांस्कृतिक पर्वको अवसरमा यही माघ १६, १७ र १८ गते तीनदिन सार्वजनिक बिदा दिने पालिकाले निर्णय गरेको हो । मञ्जुश्री संवत् २८६१ डुल लो/सर्प वर्ष ल्हो सोनाम ल्होछारको अवसरमा गाउँपालिका अध्यक्ष राजकुमार मल्लले आइतबार एक शुभकामना सन्देश जारी गर्दै तीन दिन सार्वजनिक बिदा दिने निर्णय भएको जानकारी दिएका छन् ।

तीन दिनसम्म गाउँपालिका भित्रका सार्वजनिक र सरकारी कार्यालय, शिक्षण संस्था एवम् बैंक तथा वित्तीय संस्था बन्द रहने उनले बताए । उनले पालिकामा तामाङ बाहुल्य रहेकाले पर्व खुसियालीपूर्वक मनाउन तीनदिन बिदा दिएको स्पष्ट पारे ।

अध्यक्ष मल्लले शुभकामना सन्देशमा यसपर्वले बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, जातीय विविधतायुक्त गाउँपालिकाका सम्पूर्ण जनतामा आपसी सद्भाव, सामाजिक एकता र भ्रातृत्व कायम गर्ने अपेक्षा सहित बन्धुत्व, प्रेम र समताको भावना बढाई शान्त, समुन्नत तथा समृद्ध राक्सिराङ बनाउन सबैमा प्रेरणा प्रदान गरोस् भन्ने उल्लेख गरेका छन् ।

# अदालतले किन माग्यो रविसँग एक करोड धरौटी ?

बुटवल, १३ माघ/ पूर्वगृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने रुपन्देही जिल्ला अदालतमा एक करोड रुपैयाँ बैंक जमानत बुझाएर थुनामुक्त भएका छन् । जिल्ला अदालत रुपन्देहीले सुप्रिम सहकारी ठगी मुद्दाको थुनछेक बहसपछि लामिछानेसँग एक करोड रुपैयाँ धरौटी मागेको हो ।

यसअघि जिल्ला अदालत कास्की र काठमाडौंले झैं रुपन्देहीले पनि तत्काल प्राप्त प्रमाणबाट रवि लामिछाने 'कसुर नगरेको मनासिव आधार नदेखिएको' भन्ने आधार देखाई धरौटी मागेको हो । न्यायाधीश प्रल्हादकुमार योगीको इजलासले उनीसँग धरौटी माग्ने आदेश गरेको हो । आदेशको व्यहोरा उदृत गर्दै जिल्ला अदालत रुपन्देहीका सेस्तेदार यज्ञमूर्ति ज्ञवालीले भने, 'मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीले आरोपित कसुर नगरेको विश्वास गर्नुपर्ने मनासिव आधार नदेखिँदा पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई यी प्रतिवादी रवि लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम एक करोड रुपैयाँ धरौटी लिई तारिखमा राख्नू ।'

जिल्ला सरकारी वकिलको कार्यालय, रुपन्देहीले रवि लामिछाने माथि व्यक्तिगत रूपमा दुई करोड ऋण लिएको अनि गोर्खा मिडियामा थप दुई करोड रुपैयाँ ऋण प्रवाह भएको भन्ने आधार देखाई चार करोड रुपैयाँ बिगो मागदावी गरेको थियो ।

आरोपितहरूमाथि एकमुष्ट रूपमा भने १० करोड ९९ लाख रुपैयाँ बिगो मागदावी थियो । लामिछानेसहित १४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । पुरक अभियोग र शुरुको मूल अभियोगमा गरी आरोपितहरूको संख्या ४२ पुगेको छ ।

जिल्ला अदालतले रवि लामिछानेलगायत सुप्रिम सहकारी ठगी मुद्दामा प्रतिवादी बनाइएका आरोपितहरूको सम्पत्ति रोक्का राख्न आदेश पनि दिएको छ । थुनछेक बहसपछि रवि लामिछानेसँग एक करोड रुपैयाँ धरौटी मागेको थियो । धरौटी माग्ने आदेशमा सम्पत्ति रोक्का गर्नु भन्ने आदेशसमेत छ ।

आदेशमा भनिएको छ, 'अभियोग पत्रमा उल्लेखित प्रतिवादीहरूको नाममा रहेको सम्पत्ति मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९२ बमोजिम कुनै व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी यथास्थितिमा रोक्का राखी सोको जवाफ पठाउनू भनी सम्बन्धित मालपोत कार्यालयहरूलाई लेखी पठाउनू ।' नियम ९२ मा आरोपमा उल्लेखित दावी पुग्न सक्ने देखिएमा सम्पत्ति रोक्का राख्न सकिने व्यवस्था छ ।

बयानमा रवि लामिछानेले गोर्खा मिडियामा आफ्नो संलग्नता इन्कार गरे पनि अरु प्रमाणबाट उनको असंलग्नता विश्वास गर्नुपर्ने आधार नदेखिएको भन्दै जिल्ला अदालतले उनीसँग धरौटी माग्ने आदेश गरेको हो । रवि लामिछानेले गोर्खा मिडियाबाट १७ लाख रुपैयाँ पेस्की लिएको आदेशमा उल्लेख छ । त्यसबाहेक प्रबन्धनिर्देशकको हैसियतले लामिछानेले नै आर्थिक कारोबार गरेको भनी संसदीय समितिले वित्तीय विश्लेषण गरेको थियो ।

गोर्खा मिडियाबाट रवि लामिछानेको नाममा एक लाख ८० हजार कित्ता शेयर जारी भएको आदेशमा उल्लेख छ । रवि लामिछाने, जीबी राई र कुमार रम्तेलको नामबाट संयुक्त खाता खुलेको भन्दै जिल्ला अदालतले आदेशमा भनेको छ, 'गोर्खा मिडिया नेटवर्क प्रालीको सञ्चालक समितिको बैठकमा यी प्रतिवादी रवि लामिछानेको उपस्थिति समेत रहेको भन्ने उक्त मिडियाको सञ्चालक समितिको निर्णय प्रतिबाट समेत देखिन्छ ।'

रवि लामिछानेको नाममा सुप्रिम सहकारीबाट एक करोड ९६ लाख रुपैयाँ भुक्तानी भएको देखिएको औंल्याउँदै जिल्ला अदालतले उनी कार्यरत गोर्खा मिडियामा उनको समेत हस्ताक्षर चल्ने खातामा १० करोड ९९ लाख रुपैयाँ भुक्तान भएको औंल्याएको छ । गोर्खा मिडियाका लेखापालहरू सञ्जय अधिकारी र रजनी श्रेष्ठले कागज गर्दा चेकमा कहिले जीबी राईले अनि उनी नहुँदा रवि लामिछानेले हस्ताक्षर गरेको विषयलाई धरौटी माग्ने आधार बनाएको छ ।

'प्रबन्धनिर्देशक रवि लामिछानले नै आर्थिक कारोबार गर्ने गरेको पाइएको भन्ने वित्तीय विश्लेषण प्रतिवेदन रहेको...' आदेशमा भनिएको छ, 'उक्त खाताबाट जारी भएका चेकहरूमा मेरो सही रहेको भनी प्रतिवादीले बयान गरेको देखिएको ।'

*(स्रोत: अनलाइनखबर)*

# बालिका यौन दुर्व्यवहारको आरोपमा मदन राई दोषी ठहर

काठमाडौं, १३ माघ/ जिल्ला अदालत खोटाङले बालयौन दुरुपयोगको आरोपमा मदन राईलाई दोषी ठहर गरेको छ । आफैंले स्थापना गरेको शुभद्रा मदन फाउण्डेसनमा पढ्ने बालिका र किशोरीहरुलाई यौन दुर्व्यवहार गरेको आरोपमा जिल्ला अदालतले उनलाई दोषी ठहर गरेको हो ।

न्यायाधीश नारायणप्रसाद दाहालको इजलासले १० माघमा राईलाई दोषी ठहर गरेको जिल्ला अदालत खोटाङका सूचना अधिकारी सुदीप भट्टराईले बताए । उनका अनुसार, सजाय निर्धारणका लागि २५ माघमा अर्को पेसी तोकिएको छ । तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा आरोपित दोषी ठहर भएमा सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्छ ।


## सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौ

☞ शिक्षा प्रत्येक वालवालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं

☞ सवै वालवालिकालाई विद्यालयमा पुऱ्याऔं,

☞ प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सवैलाई साक्षर बनाऔं,

☞ शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,

☞ शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,

☞ प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,

☞ शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,

☞ साक्षरता कार्यक्रम सञ्चालन गरौ, साक्षर नेपाल निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## लागु औषधबाट बचौं र बचाऔं !

औषधको उत्पादन सञ्चय ओसार पसार, बिक्री बितरण तथा सेवन कानूनत: दण्डनीय अपराध हो । यस्ता गैर कानूनी गतिबिधीमा आफ पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं । लागु औषधको दुरुपयोगको बारेमा सचेत बनौं । स्वस्थ्य र सुखी परिवार समुन्नत समाजको लागी लागु औषधको दुर्व्यसनलाई निरुत्साहन गरौं ।

हेटौंडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००१६२७ | उज्वल बस्नेत | इन्द्रसरोवर-०५, मकवानपुर |
| २ | PLI१५७००००९६८ | धर्मराज लामिछाने | बकैया-०५, मकवानपुर |

## यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ

विरपुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्टुने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :

☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।

☞ नयाँ मोडलको गाडीहरु ।

☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।

☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना